देशको समृद्धिका लागि गठबन्धनको निरन्तरता... पृष्ठ ५ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २०१ • २०७९ साल पुस १ गते शुक्रबार (16 December, Friday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आयोगद्वारा समानुपातिकलाई ३ गते प्रमाण पत्र, ४ गते जलपान

टुडे समाचारदाता

काठमाण्डु । निर्वाचन आयोगले मङ्सिर ४ गतेमा सम्पन्न प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन विहीबार राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेश गरेको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति भण्डारीलाई प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सो प्रतिवेदन हस्तान्तरण गरेका थिए ।

प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिकतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको ७ दिनभित्र राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने प्रावधान छ ।

सो अवसरमा राष्ट्रपति भण्डारीले लोकतन्त्रको सुदृढीकरणका निम्ति निर्वाचन महत्वपूर्ण रहेको बताइन् । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै उनले यसका निम्ति निर्वाचन आयोग, सुरक्षा निकाय, सरोकारवाला निकाय र आममतदाता सबैलाई धन्यवाद व्यक्त गरिन् ।



कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त थपलियाले स्वच्छ, भयरहित वातावरणमा आमनिर्वाचन सम्पन्न भएको जानकारी गराए । सम्पन्न निर्वाचनबाट प्रतिनिधिसभामा २ सय ७५ र प्रदेशसभामा ५ सय ५० गरी ८ सय २५ जना निर्वाचित भएको उनले बताए । प्रतिनिधिसभामा ३३ दशमलव १० प्रतिशत र प्रदेशसभामा ३६ दशमलव ३६ प्रतिशत महिला सहभागिता भएको उनको कथन थियो ।

आयोगले आगामी पुस २ गते प्रदेशसभा सदस्य निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन सातै प्रदेशको राजधानीमा प्रदेशका प्रदेश प्रमुखसमक्ष आयोगका पदाधिकारीबाट प्रतिवेदन प्रस्तुत गरिने जनाएको छ ।

राष्ट्रपतिलाई आयोगले हस्तान्तरण गर्न आयोजित कार्यक्रममा निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेल, रामप्रसाद भण्डारी, डा जानकीकुमारी तुलाधर र सगुन शमशेर जबरा तथा आयोगका सचिव गोकर्णमणि दुवाडीलगायत उच्च अधिकारी सहभागी थिए ।प्रमुख निर्वाचन आयुक्त थपलियाले उपराष्ट्रपति र प्रधानमन्त्रीलाई पनि निर्वाचन परिणामको पुस्तिका हस्तान्तरण गरेका छन् ।

आयोगले समानुपातिक तर्फबाट निर्वाचित भएका प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यहरुलाइ ३ गते निर्वाचित भएको प्रमाण पत्र वितरण गर्ने कार्यक्रम राखेको छ ।आयोगले ४ गते जलपान समारोहको आयोजना गरेको छ ।राष्ट्रपति, प्रधानमन्त्री, सुरक्षा निकायका प्रमुखहरु, प्रतिनिधि लगायतको सहभागिता रहने बताइएको छ ।

### सहकारी डुब्ने जोखिममा

## अध्यक्षले नै करोड़ौ लिएको आरोप

टुडे समाचारदाता

मलंगवा । सर्लाही जिल्लाको मलंगवामा प्रधान कार्यालय रहेको सुविधा बचत तथा ऋण सहकारी संस्था लिमिटेड डुब्ने उच्च जोखिममा पुगेको छ ।

संस्थाका सञ्चालक अध्यक्ष हरीशंकर प्रसाद रौनियारले १६ करोड ५५ लाख २८ हजार ७ सय आफू तथा आफ्ना परिवारजनको नाममा ऋण लिएको उजुरी सञ्चालक सदस्यहरुले जिल्ला प्रहरी कार्यालय सर्लाहीमा दिएका छन् ।

करोड़ौको कारोबार गर्ने सहकारी संस्थाका सञ्चालकहरुले व्यापक आर्थिक अनियमितता गरी फरार रहेका र कतिपय थुनामा परेको बेला सुविधा सहकारीका अध्यक्ष रौनियारले करोड़ौ रुपैया गैरकानूनी ढंगले चलाएको आरोप सञ्चालकहरुले लगाएका छन् ।

सहकारीका सञ्चालक जयप्रकाश अग्रवाल, रामकिशोर गुप्ता, शान्ताप्रसाद श्रेष्ठ र विकास गोयलले रकम असुली तथा आवश्यक कारबाहीका लागि जिल्ला सहकारी कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन् । अध्यक्ष रौनियार र प्रबन्धक दीपक लाल अमात्यले सुविधा सहकारीको ८ करोड़ ६० लाख संयुक्त नामबाट मलंगवास्थित कुमारी बैंकमा एक वर्षे मुद्दती खाता खोलेको सञ्चालकहरुले दिएको जाहेरीमा उल्लेख छ । मुद्दती खाताबाट प्राप्त भएको ब्याज मासेको र सावाँ पनि सहकारीको खातामा नराखेको आरोप लगाइएको छ ।

२०७८ सालको असार ३१ सुविधा सहकारीबाट अध्यक्ष रौनियारले २५ लाख लिएको पेश्की रकमको सावाँ र ब्याज समेत हालसम्म चुक्ता गरेका छैनन् ।

त्यसैगरी विभिन्न मितिमा १ लाख, डेढ लाख गरी लिएको पेश्की रकम समेत संस्थामा फिर्ता नगरिएको उजुरीपत्रमा उल्लेख गरिएको छ ।अध्यक्ष हरिशंकर रौनियार र प्रबन्धक दीपक लाल अमात्यले मिलेमतोगरी संस्थाको करोड़ौ निक्षेप रकम व्यक्तिगत प्रयोजनमा चलाएको सञ्चालकहरुको आरोप छ ।

> **संस्थाका सञ्चालक अध्यक्ष हरीशंकर प्रसाद रौनियारले १६ करोड ५५ लाख २८ हजार ७ सय आफू तथा आफ्ना परिवारजनको नाममा ऋण लिएको उजुरी सञ्चालक सदस्यहरुले जिल्ला प्रहरी कार्यालय सर्लाहीमा दिएका छन् ।**

सञ्चालकहरुले संस्थाको ३ वर्षको आर्थिक कारोबारको छानविनगर्दा करोड़ौ रुपैया हिनामिना गरिएको निष्कर्ष निकालेका छन् ।

आर्थिक अनियमितता गरिएको पर्याप्त आधार प्रमाणहरु फेला परेको जनाउँदै सञ्चालकहरुले अध्यक्ष र प्रबन्धकले विभिन्न मितिमा लिएको पेश्की, सापटी, ऋण लगायतका रकमहरु ब्याजसमेत फिर्ता गर्न गराउन सञ्चालकहरुले माग गरेका छन् ।

अध्यक्ष साहले बोर्डको निर्णय बिना नै मलंगवा नगरपालिका वडा नम्बर २ बस्ने उमेश रायलाई २ करोड ५० लाख रुपैया ऋण प्रवाह गरेका छन् ।रायले राखेको धितो बिक्रीबाट आधी सावाँ पनि असुल हुन नसक्ने सञ्चालकहरुको आरोप छ ।

आमनागरिकको बचत संकलन गरी पर्याप्त पूँजी जम्मा भएको संस्था डुब्ने कगारमा पुगेकोछ ।छाक काटेर निक्षेप जम्मा गरेका बचतकर्ताहरुको रकम फिर्ता गर्न समेत समस्या आउने सञ्चालकहरुले बताएका छन् ।उनीहरुले करोड़ौ रकम सञ्चालक समितिका अध्यक्ष र प्रबन्धकबाट नै भएकाले तत्काल कारबाही गरी आमनागरिकको बचत सुरक्षित गर्न माग गरेका छन् ।

राजधानी काठमाण्डु लगायत केही जिल्लाहरुमा सञ्चालित सहकारी संस्थाका सञ्चालकहरुले नै रकम अपचलन गरेको कारण सहकारी संस्था डुबेका छन् ।हजारौ बचतकर्ताको रकम डुबेको अवस्था छ ।

सुविधा सहकारीको खाता मलंगवास्थित नेपाल बैंक लि.,कुमारी बैंक लि., सेञ्चुरी बैंक लि., एनआईसी एसिया बैंक लि., नबिल बैंक लगायतमा अध्यक्ष साह र प्रबन्धक अमात्यको संयुक्त हस्ताक्षरबाट सञ्चालनमा छ ।

सञ्चालक अध्यक्ष र प्रबन्धक अमात्यले मिलेमतो गरी संस्थाको रकम अपचलन गरेको प्रमाण फेलापरेपछि गत भदौ महिनाको १४ गते सञ्चालकहरुले प्रबन्धक अमात्यलाई स्पष्टीकरण सोधेका थिए ।तर अमात्यले स्पष्टीकरणको जवाफ नदिई खजाञ्ची निर्मलकुमार श्रेष्ठलाई स्पष्टीकरण सोधेर पञ्छिन खोजेको आरोप लगाउँदै सञ्चालकहरुले संस्थाको आर्थिक कारोबारको छानविन गरेको बताएका छन् । २०५६ सालमा नै नेपाल सरकार सहकारी विभागबाट रजिष्ट्रड भएको सुविधा बचत तथा ऋण सहकारी संस्थामा आम निक्षेपकर्ताहरुको करोड़ौ रकम जम्मा रहेको छ ।त्यसमध्ये अध्यक्ष रौनियार र प्रबन्धक अमात्य मिलेर हिनामिना गरेको आरोप लागेको छ ।

सहकारी र जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारबाहीका लागि निवेदन दर्ता गरिए पनि सम्बन्धित निकायहरुले चासो नदेखाएको सञ्चालकहरुको आरोप छ । सहकारी ऐन अन्तरगत दर्ता रहेका वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरुको रकम नेपाल राष्ट्र बैंकमा समेत जमानतमा नरहेकाले सञ्चालकहरुले डुबाउने रकम निक्षेपकर्ताहरुले पुनःफिर्ता पाउने गरेका छैनन् ।

यस सम्बन्धमा सुविधा सहकारीका अध्यक्ष रौनियार र अमात्यसित मोबाइलमा सम्पर्क हुन सकेन् ।उनीहरु फोन सम्पर्कमा आउन चाहेनन् ।






# गौशालामा गाईको बिजोग



महोत्तरी । संरक्षणको अभावमा निगौल गाई गौशालामा रहेका गाईको अहिले बिजोग भएको छ । उचित सम्भार, खानपान र उपचारको अभावमा गौशाला नगरपालिका-३ नवराजपुरस्थित उक्त गौशालाका गाई धमाधम मर्न थालेका छन् । बढ्दो चिसोमा कुपोषणका कारण ब्याएका गाई पनि एकपछि अर्को ढल्न थालेका छन् । "तीन दिन अघि मात्रै एक महिना अघि ब्याएको गाई खानै नपाएर मर्‍यो" गौशालाको प्रशासन सम्हाल्ने खरिदार सुरेश सिंह भन्नुहुन्छ, "गौशालामै गाई खान नपाएर भकाभक मर्दैछन्, यहाँको बिजोगले कस्तो ठाउँमा काम गर्नुपरेछ भन्ने लागेको छ ।" खाए पनि नखाए पनि सुख्खा परालको भरमा गौशालाका गाई रहेका उहाँको भनाइ छ ।

गत साउनयता मात्रै ठूला र साना बाच्छाबाच्छीसहित ३८ वटा गाई मरिसकेका खरिदार सिंह उल्लेख गर्नुहुन्छ ।

राष्ट्रिय सहकारी विकास बोर्डअन्तर्गत रहेको यो गौशालाका गाई उचित रेखदेख, पौष्टिक आहार र उपचारसमेत नपाएर दुब्लो र ख्याउटे अवस्थामा पुगेका छन् । "न गाईलाई पर्याप्त आहार छ, न खानपानको व्यवस्थित तालिका नै, गोठ पनि के भनौं ? खोरमा थुनिएका छन् " गौशाला हेर्न पुग्नुभएका बर्दिबास-१ का होटल व्यवसायी दीपेन्द्र पराजुली भन्नुहुन्छ, "गौशालाका गाई कुनै मुद्दामा थुनिएका कैदीजस्ता भएका छन् । खानपानको प्रबन्ध र उपचार नपाएरै गाई जिङ्राउँदै मर्ने क्रम बढेको छ ।"

"हामी केही साथी गौशाला हेर्ने रहरले एक महिना पहिले आएका थियौं, यहाँ त बिजोग पो रहेछ" उहाँ बताउनुहुन्छ, " गौशालाको राम्रो व्यवस्थापन नहुँदा गाइको कन्तविजोग देखियो ।"

यस्तो अवस्था देखेपछि तत्कालै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिब नम्रता सिंहलाई भेटेर तत्काल आवश्यक पहल गर्न अनुरोध गरीिएको पराजुलीको भनाइ छ । अहिले पनि गौशालामा करिब तीन सय गाई छन् ।

भङ्गाहा नगरपालिका-४ रामनगरका रामईश्वर ठाकुर भन्नुहुन्छ, "सबैजसो गाईका हाडछालामात्र देखिन्छ । पाल्नै नसकिने गरी सरकारले किन गौशालामा राखेर गाईको बिजोग देखाएको होला?" "यिनले हरियो घाँस नदेखेको महिनौं भयो होला, कर्मचारी त जागिर खानमात्रै यहाँ देखिने हुन्, गाईको बिजोग देख्दा मन थाम्न गारो पर्‍यो", गौशाला-४ रजखोरका सामाजिक कार्यकर्ता अजय कुशवाहा भन्नुहुन्छ, "यो विजोग देख्नुभन्दा जङ्गल धपाइदिए भकाभक गाई मरेको त हेर्न पर्दैनथ्यो ।"

गौशालाका कर्मचारी भने गाईको रेखदेख, खानपान र व्यवस्थापनका लागि बोर्ड उदासिन रहेको बताउँछन् । तालुक निकायले कुनै वास्ता नगर्दा के गरी धान्ने धान्ने भन्ने समस्या भएको गौशालाका निमित्त प्रमुख वीरबहादुर चौधरीको गुनासो छ ।

गौशाला सञ्चालनका लागि एक सय ४८ बिघा जग्गा छ । उक्त जग्गामा घाँस र अन्य बाली व्यवस्थितरुपले लगाउन नसक्दा गाईलाई आहाराको अभाव भएको गौशालाबासी बताउँछन् । "गाईकै खानपान प्रबन्धका लागि जग्गा हो नि, तर त्यो जग्गा खनजोत गर्ने, घाँस र अन्यबाली लगाउने गरेको देखिँदैन, अधिकांश जग्गा बाँझै छ", रजखोर बस्तीका मनोज थापामगर भन्नुहुन्छ, "विगतमा सम्पन्न मानिने गौशाला पछिल्ला केही दशकयता कर्मचारीको बेखबरपन, सरकारको उदासिनता र स्थानीयतहको बेवास्ताले बिजोग हुन पुगेको हो । गौशालामा अहिले पनि ज्यादारीसहित ३० कर्मचारी कार्यरत रहेका र तीमध्ये २६ जना त गोठालाकै दरबन्दीमा रहेका निमित्त प्रमुख चौधरी स्वीकार गर्नुहुन्छ ।

"पालिएका कतिपय गाई थारै रहने क्रम बढेकाले यसको कारण बुझ्न विज्ञहरु आउनुपर्नेमा जोड दिँदै भेटेरेनरी जेटिसमेत हुनुभएका निमित्त कार्यालय प्रमुख चौधरी भन्नुहुन्छ, "उपल्लो तहको बेवास्ताले आफूले पापको भारी बोक्नु परेको भैँ लाग्दैछ ।"

गौशालामा गतवर्ष त १८ वटा दूध दिने गाई थिए । पोहोर साल दूध बेचेर रु २२ लाखजति आम्दानी भएको खरिदार सिंह बताउनुहुन्छ । यसपाली दुहुना र नयाँ ब्याउने गाई नै भकाभक मर्नथालेपछि दूधको अनिकाल परेको उहाँको भनाइ छ । "गाईकै आहाराको रु ४८ लाख ऋण तिर्न बाँकी रहँदा उधारो पत्याउन छाडकाले पौष्टिक आहार खुवाउन नसकिएको निमित्त प्रमुख चौधरी बताउनुहुन्छ ।

आफूले गत साउनमा निमित्त प्रमुखको जिम्मेवारी सम्हालेयता पटक-पटक विभिन्न निकायमा सम्पर्क गरेपनि कतैबाट सकारात्मक जवाफ नपाएको उहाँको गुनासो छ । गौशालाको जग्गामा पशुहाट लगाइने ठेक्काबाट २५ प्रतिशत रकम यस गौशालाले पाउने पूर्वसहमति भए पनि नगरपालिकाले रकम दिन आनाकानी गर्दै आएको गौशालाका कर्मचारी बताउँछन् ।

गौशालाको नाउँमा रहेको एक सय ४८ बिघा जग्गामध्ये भण्डै ५० बिघा जग्गा अतिक्रमण भइसकेको छ । अतिक्रमित जग्गामा अहिले थुप्रै घर ठडिएका छन् । अतिक्रमण रोक्न राजनीतिक तहबाटै पहल हुनपर्नेमा उल्टै अतिक्रमण गर्नेहरु नै राजनीतिक क्षेत्रबाट संरक्षित भएका स्थानीयवासी बताउँछन् । बाँकी रहेका जग्गामध्येमा १० बिघामा गाई गोठ, नौ/नौ बिघामा पोखरी, फूलबारी र करिब ५६/५७ बिघाजति खेतीयोग्य जग्गा छ । तीमध्ये २० बिघामा नियमित घाँसका लागि छुट्याइए पनि घाँस नलगाइँदा गाईले हरियो बस्तु खान नपाएको उनीहरुको भनाइ छ। गौशालाको जग्गामध्ये तीन बिघामा गौशाला नगरपालिकाले पशुहाट लगाउँदै हाटको निश्चित प्रतिशत आम्दानी गौशालाले नपाएको वर्षौं भइसकेको जनाइएको छ ।

स्थानीय सामाजिक कार्यकर्ता धनलाल साशङ्कर भन्नुहुन्छ, "खटिएर आउने कर्मचारीमध्ये धेरैजसो गाईको संरक्षणभन्दा आफ्नै दुनो सोझ्याउन थाल्दा गाईको बिजोग भएको हो ।" यस्तो बेथिति अन्त्य गर्न सरकार तथा सम्बद्ध निकायले तत्काल पहल गर्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ । रासस

# 'भिजिबिलिटी' कम हुँदा आन्तरिक उडान प्रभावित

काठमाण्डु । तराई/मधेशमा बाक्लोहुस्सु/कुहिरोले'भिजिबिलिटी' कम हुँदा आन्तरिक उडान प्रभावित भएका छन् । भद्रपुर, पोखरा, धनगढी, सुर्खेत, लुम्लिङटारबाहेकअन्यविमानस्थलको अपुग भिजिविलिटीका कारण उडान प्रभावित भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ ।

कार्यालयका प्रवक्ता टेकनाथ सिटौलाले विशेषगरी तराई क्षेत्रका विमानस्थलमा अगामी केही दिन हुस्सु/कुहिरोले भिजिबिलिटी कमजोर हुँदा उडान प्रभावित निरन्तर हुनसक्ने उल्लेख गर्नुभयो ।

भिजिबिलिटी कमजोर रहेकाले बिहानैदेखि तराई क्षेत्रका सबैजसो विमानस्थलमा उडान प्रभावित भएको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले जानकारी दिनुभयो । "तराईका विमानस्थलमा भिजिबिलिटी कम रहेकाले बिहानैदेखि उडान प्रभावित भएको छ ।

केही विमानस्थल १२ बजेपछि खुल्छन्की भन्ने प्रतिक्षामा छौँ । उडान प्रभावित हुँदा यात्रुलाई गन्तव्यमा पुग्न सास्ती भएको छ", उहाँले भन्नुभयो । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार विहीवार भद्रपुर र पोखराबाहेक सबै विमानस्थलको उडान प्रभावित भएको छ । बिहानैदेखि उडान प्रभावित हुँदा यात्रुमर्कामा परेका छन् ।

आन्तरिकतर्फ दैनिक करिब तीनसय उडान हुन्छन् । बुद्ध एयरको सबैभन्दा बढी दुईतर्फी करिब एक सय ५० उडान हुन्छ । यती एयरलाइन्सको दैनिक ५८ उडान हुनेगरेको छ । यस्तै आन्तरिक उडानमा श्री एयरलाइन्स, सौर्य एयरलाइन्स, गुण एयरलाइन्सले पनि विभिन्न गन्तव्यमा उडान गर्छन् । आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायक कम्पनीले उडान गर्दै आएका छन् ।

हाल देशमा उल्लेखनीय मौसमी प्रणाली नरहेपनि तराई भूभागको केही स्थानमा हुस्सु/कुहिरो लाग्नुका साथै देशको पहाडी भू-भागमा आंशिक बदली रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

दिउँसो गण्डकी र लुम्बिनी प्रदेशका साथै प्रदेश १ र बागमती प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ । विहीवार काठमाडौँको अधिकतम तापक्रम १९ डिग्रि सेल्सियस र न्यूनतम तापक्रम ७ दशमलव ६ डिग्रिसेल्सियस रहेको छ ।रासस

# आरटिजिएस कारोबार १४ महिनायताकै कम

टुडे समाचारदाता




काठमाण्डु । राष्ट्र बैंकले आर्थिक गतिविधि नघटेको भन्न आधार लिदै आएको रियल टाइम ग्रस सेटलमेन्ट (आरटिजिएस) कारोबार रकम भने भने १४ महिनायताकै न्यून देखिएको छ।

कात्तिकमा मासिक रूपमा ५९ हजार तीन सय ४० कारोबारबाट २७ खर्ब ३९ अर्ब रुपैयाँको ट्रान्सफर तथा भुक्तानी भएको छ।

कारोबार संख्याको आधारमा यो आठ महिना यताको कम हो भने कारोबार रकमको आधारमा १४ महिना यताकै कम हो। यसअघि २०७८ भदौमा २४ खर्ब ९४ अर्ब रूपैयाँको ट्रान्सफर तथा भुक्तानी भएकोमा त्यसयता यो कात्तिकमा सबैभन्दा कम भएको हो।

यसबीच कुनै समय मासिक ४३ खर्ब रूपैयाँसम्मको भुक्तानी तथा ट्रान्सफर भएको देखिन्छ।

# विभिन्न व्यवसायको डिजिटल मार्कोटिङमा सहयोग पुऱ्याउँदै 'अनलाइनजिल'

टुडे समाचारदाता




काठमाण्डु । ६ वर्ष अगाडि मात्र सुरू भएको 'अनलाइनजिल'ले डिजिटल विज्ञापनका क्षेत्रमा आफूलाई सफल कम्पनीका रूपमा स्थापित गरेको छ। सूचना प्रविधि कम्पनीका रूपमा सुरू भएको यो कम्पनीले अहिले डिजिटल विज्ञापनसँग सम्बन्धित सेवा प्रदान गरिरहेको छ।

पछिल्लो समय अनलाइनजिलले ग्राफिक्स डिजाइनिङ, सामाजिक सञ्जालमा विज्ञापन, वेब होस्टिङ र वेवसाइट निर्माण लगायतका डिजिटल सेवा प्रदान गर्दैछ। 'संसार डिजिटल भइरहँदा हामीले पनि डिजिटल रूपमै सेवा प्रदान गरिरहेका छौं,' कम्पनीका निर्देशक रितेन्द्र कुमार दासले भने।

करिब दुई दर्जन युवाहरू सामेल अनलाइनजिलले डिजिटल मार्केटिङको अनुसन्धान र त्यसबाट प्राप्त नतिजाका आधारमा रणनीति बनाउने गरेको बताउँछन् निर्देशक रितेन्द्र कुमार दास। उनी भन्छन्, 'हामी डिजिटल मार्केटिङ एजेन्सी मात्र होइनौ। अनुसन्धानकर्ता पनि हौं। किनभने हामीले हरेक चिज अनुसन्धानका नतिजाका आधारमा तयार पार्छौं'

उनका अनुसार अनलाइनलिजले हरेक दिन बद्लिदो डिजिटल संसारसँग अभ्यस्त भएर काम गरिरहेको छ। 'आधुनिक रचनात्मक तरिका अपनाउँदै हामीले धेरै साना र मझौला उद्यमको व्यवसाय विस्तार गर्न सहयोग गरिरहेका छौ,' निर्देशक दासले भने।

अनलाइनजिलले अहिलेसम्म अस्पताल, निर्माण कम्पनी, सवारी साधन, स्कुल, कलेज, सञ्चार माध्यम लगायत तीन सयभन्दा भन्दा बढी कम्पनीसँगको साझेदारीमा काम गरेको छ। स्थापनाको छोटो समयमै कम्पनीले एक सयभन्दा धेरै कम्पनीको वेवसाइट निर्माण र होस्टिङको काम गरिसकेको छ भने करिब दुई सय कम्पनीको सामाजिक सञ्जाल ह्याण्डलिङको काम गरिरहेको छ।

निर्देशक दास दिनहुँ डिटिल मार्केटिङको प्रभाव बढिरहेको समयमा अनलाइनजिल थप रचनात्मक हुँदै विकास हुने बताउँछन्।

# खाद्यपदार्थमा जोखिम न्यूनीकरण गर्न भण्डारमा प्रविधिको प्रयोग गर्नुपर्ने

विराटनगर । खाद्यपदार्थको जोखिम न्यूनीकरण गर्न बाली भण्डारणमा प्रविधिको प्रयोग गर्न जोड दिइएको छ । राष्ट्रिय योजना आयोग र प्रदेश नं १ कृषि मन्त्रालयद्वारा विहीवार यहाँ आयोजित 'प्रादेशिक खाद्यप्रणाली समीक्षा तथा योजना तर्जुमा गोष्ठी'का सहभागीहरुले बाली प्रशोधन, सञ्चय र बजार व्यवस्थापनका लागि प्रविधिको प्रयोग गर्नुपर्ने धारणा व्यक्त गरेका हुन् ।

घरेलुस्तरमा पोषण र सञ्चित तत्व नघटाउन पकाउने उपयुक्त विधि र भण्डारणका लागि तालिम प्रदान गर्नु आवश्यक रहेको उनीहरुको भनाइ छ । सहभागीले खाद्यान्नमा लाग्ने विभिन्न सङ्क्रमण न्यूनीकरण गर्नुपर्नेमा जोड दिँदै खाद्य तथा आहारको गुणस्तर अभिवृद्धि गराउन सहयोग पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए ।

गोष्ठीमा राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक महेश खरेलले 'खाद्य प्रणाली रुपान्तरण प्रयास तथा भावीदिशा' र कृषि मन्त्रालयका प्रशासन योजना तथा अनुगमन महाशाखाका प्रमुख पशुपति पोखरेलले 'प्रदेश खाद्यप्रणाली संवाद पश्चात्का उप्लब्धि तथा भावि योजना' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कृषिमन्त्री झलकबहादुर मगरले गोष्ठी शुभारम्भ गर्दै मानव जीवनमा खाद्य पोषणले निकै महत्व राख्ने भएकाले यसलाई जोगाइराख्न जोड दिनुपर्ने बताउनुभयो । उहाँले बालीमा विविधता तथा पहुँचका निम्ति बागबानी, फलफूल, तरकारी, दलहन, कुखुरा, माछापालनजस्ता खाद्य पदार्थलाई आयविहीवार्रनको रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

कृषि सचिव मेघनाथ तिम्सिनाले खाद्य प्रणालीले हाम्रो जीवनका साथै आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा समेत प्रभाव पार्ने उल्लेख गर्नुभयो । उहाँले उत्पादन र उपादकत्व बढाइ उत्पादन लागत घटाउन सके कृषिबाट सबैक्षेत्र लाभान्वित हुने धारणा व्यक्त गर्नुभयो ।

गोष्ठीमा सहभागी समूहका तर्फबाट डा दिपा दिवालीबाट 'सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँचको सुनिश्चिता', सार्थक घिमिरेबाट ' दीगो खालको उपभोगको पद्दतीमा रुपान्तरण', गङ्गाराम यादवबाट ' प्रकृतिमा सकारात्मक परिवर्तन ल्याउने खालको उत्पादन प्रणाली', 'शीतल भट्टराईबाट समन्यायिक खालको जीविकोपार्जनको अवस्थामा बढोत्तरी', डा पशुपति ढुङ्गानाबाट 'जोखिम तथा विभिन्न विपत्ति विरुद्ध उत्थानशील खालको खाद्य प्रणाली निर्माण' र शङ्कर बारकोटीबाट 'खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐनमा भएका प्रावधान र खाद्य प्रणाली रुपान्तरणमा भूमिका'बारे प्रस्तुत विषयमा छलफलमा गरिएको थियो । गोष्ठीमा कृषिसँग सरोकार राख्ने करिब ५० अधिकारीको सहभागिता थियो ।रासस

# चार महिनामा भित्रियो तीन खर्ब ७८ अर्ब विप्रेषण

काठमाण्डु । चालु आर्थिक वर्षको चार महिनामा विप्रेषण आप्रवाह २० दशमलव चार प्रतिशतले वृद्धि भई रु तीन खर्ब ७८ अर्ब चार करोड पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह सात प्रतिशतले घटेको थियो । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आवको चार महिनाको विवरणानुसार अमेरिकी डलरमा विप्रेषण आप्रवाह १० दशमलव आठ प्रतिशतले वृद्धि भई दुई अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह सात दशमलव तीन प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या एक सय दुई दशमलव पाँच प्रतिशतले वृद्धि भई एक लाख ९५ हजार एक सय ९६ पुगेको छ । त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा ४६ दशमलव चार प्रतिशतले वृद्धि भई ८७ हजार चार सय २८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या दुई सय ४९ दशमलव एक प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर २० दशमलव दुई प्रतिशतले वृद्धि भई रु चार खर्ब १७ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर छ दशमलव नौ प्रतिशतले घटेको थियो ।रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स (LIC) लिमिटेडको विमा लेख मिति २०७९/८/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।


**नाम : कन्हैया प्रसाद महतो**
**विमालेख नं.: २२००२८४४९**
**ठेगाना: लहान न.पा.-२३, सिरहा**
**मो.नं. ९८२७७१०३६८**

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : धन बृद्धि सञ्चय । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जाडोले जनजीवन प्रभावित



जलेश्वर । महोत्तरीलगायत तराईका जिल्लामा जाडो बढेपछि जनजीवन प्रभावित भएको छ ।विगत चार/पाँचदिनदेखि लगातारको शीतलहर,चिसोकठ्याङ्ग्रिदोहावा,हुस्सु रबाक्लोकुहिरोकामहोत्तर जनजीवनका साथै पशुपक्षी तथा बालीनालीसमेत प्रभावित भएका छन् ।

चिसोकै कारण अहिले जिल्ला सदरमुकाम जलेश्वरसहित जिल्लाको सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ । जाडो बढेसँगै बजारमा न्यायो कपडाको बिक्री पनि बढेको छ भने हाटबजारमा मानिसको उपस्थिति कम हुन थालेको छ ।

चिसोको कारण बालबालिका, वृद्धवृद्धा र सुत्केरी महिलामा रुखाखोकी, ज्वरो, दम, हातगोडा सुनिने, दुख्ने लगायतका समस्या देखिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख डा सतिशकुमार साहले बताउनुभयो । दशक नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीको ग्रामिण क्षेत्रमा जाडोबाट बच्नका लागिस्थानीयले आगो बालेर ताप्न थालेका छन् ।

जाडोकै कारण ग्रामीण भेगमा पशुपन्छी तथा दलहन, तेलहन र तरकारी बालीमा असर परेको जलेश्वर नगरपालिका-८ का किसान आशनारायण मण्डलले बताउनुभयो ।रासस

# दुर्घटनामा दुईको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-६, ढल्केबरस्थित पूर्व-पश्चिम राजमार्गमा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

सवारी दुर्घटनामा महोत्तरीको भङ्गाहा नगरपालिका-४, का २४ वर्षीय अमरेन्द्र महतोको मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक रामसागर सिंहले जानकारी दिए ।

बुधवार राति १० बजे पूर्वबाट काठमाण्डुतर्फ गइरहेको प्रदेश-३-०१-००६ ख ६८४ नम्बरको बसमा पछि/पछि आइरहेको प्रदेश-२-०२-००३ प ३८४३ नम्बरको मोटरसाइकल ठोक्किएको थियो ।

बसमा ठक्कर खाएको मोटरसाइकल अनियन्त्रित भएर काठमाण्डुबाट पूर्वतर्फ गइरहेको बा ५ ख ५२७४ नम्बरको हाइस गाडीमा समेत ठोक्किन पुगेपछि मोटरसाइकल चालक महतो गम्भीर घाइते भएका छन् । घाइते मोटरसाइकल चालक महतोको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको प्रहरी निरीक्षक सिंहले बताए । दुर्घटनासँग जोडिएका बस, हाइस र मोटरसाइकल प्रहरी नियन्त्रणमा राखिएको छ । त्यस्तै,हुलाकी सडक अन्तर्गत सर्लाहीको ब्रह्मपुरीमा बिहीवार ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा महोत्तरीको इटहरवाकट्टी ७ का ५७ वर्षीय सुरेन्द्र मण्डलको मृत्यु भएको छ ।

ब्रह्मपुरी गाउँपालिका-३, स्थित हुलाकी सडक खण्डमा सङ्ग्रामपुरबाट सदरमुकाम मलङ्गवातर्फ आउँदै गरेको ज २ त ५२७ नम्बरको ट्र्याक्टरले विपरीत दिशाबाट जाँदै गरेको बीआर ३० भी १६७३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार मण्डलको घटनास्थमै मृत्यु भएको छ ।

मण्डलको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ । दुर्घटनामा मोटरसाइकलमै सवार सर्लाहीको रामनगर गाउँपालिका-४ का ३१ वर्षीय सञ्जय मण्डलको दाहिने खुट्टा भाँचिएको छ । मण्डलको मलङ्गवा अस्पतालमै उपचार चलिरहेको प्रहरीले जनाएको छ। दुर्घटनामा संलग्न ट्र्याक्टर प्रहरी नियन्त्रणमा रहेको छ भने चालक फरार छन्।

# राष्ट्रपति विद्यादेवी भण्डारीबाट 'विराट एक्स्पो' उद्घाटन

विराटनगर । राष्ट्रपति विद्यादेवी भण्डारीले ' विराट एक्स्पो' औद्योगिक व्यापार मेलाको सातौँ संस्करणको आज विराटनगर-१४ स्थित स्नातकोत्तर कलेजको चौरमा एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउन यस्ता एक्स्पोले सहयोग पुर्‍याउने बताउनुभयो । राष्ट्रपति भण्डारीले यस मेलाले उत्पादक र उपभोक्ताबीच अन्तरसम्बन्ध स्थापित गर्ने र उत्पादनहरूको बजार विस्तार गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नेछ भन्नुभयो ।

उहाँले एक्स्पोबाट उत्पादनको खरिद बिक्रीमात्र नभई उद्यमी व्यवसायीबीच अनुभव र सिकाइको आदान-प्रदान हुनेछ भन्दै छिमेकी मित्र राष्ट्रका उद्यमीहरूबीच पारस्परिक सम्पर्क विस्तार भई कृषि तथा औद्योगिक उत्पादनका सम्भावना खोजी गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "यस औद्योगिक मेलाका माध्यमबाट यस क्षेत्रका पर्यटकीय गन्तव्य, कृषि, हस्तकला र औद्योगिक उत्पादनहरूको प्रवर्द्धनमा विशेष टेवा पुग्ने आशा राखेको छु ।'

राष्ट्रपति भण्डारीले विगत तीन वर्षदेखि कोभिड महामारीका कारण शिथिल हुनपुगेको मुलुकको आर्थिक गतिविधिलाई नयाँ उत्साह प्रदान गर्दै समग्र राष्ट्रिय अर्थतन्त्रलाई माथि उठाउन यस किसिमका प्रदर्शनीले सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपालको इतिहासमा विराटनगरको विशिष्ट र सम्मानित पहिचान छ भन्दै यस क्षेत्रका उद्यमीहरूले सामाजिक क्षेत्रमा गरेको योगदान सधैँ प्रशंसनीय रहेको छ बताउनुभयो ।

राष्ट्रपति भण्डारीले औद्योगिक क्षेत्रमा देखिएका समस्या पहिचान गरी समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

प्रदेश नं १ प्रदेश प्रमुख पर्शुराम खापुङले देशको अर्थतन्त्र र औद्योगिक क्षेत्रमा प्रवर्द्धन गर्न एक्स्पोले मद्दत गर्ने बताउनुभयो । उहाँले उद्योग सङ्गठनले औद्योगिक क्षेत्रमा खेलेको भूमिका रचनात्मक र प्रशंसनीय रहेको धारणा राख्नुभयो ।

प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले निजी क्षेत्रको सक्रियताबिना अर्थतन्त्रलाई बलियो बनाउन नसकिने विचार व्यक्त गर्नुभयो । उहाँले सङ्घीय सरकारले प्रदेश सरकारलाई अधिकारबाट बञ्चित गराएको गुनासो गर्दै विकास र समृद्धिको सम्भावनाका साथै प्रकृति र संस्कृतिको हिसाबले यो प्रदेश समृद्ध छ भन्नुभयो ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले उत्पादक र उपभोक्तालाई जोड्ने यस एक्स्पोबाट सबैले लाभ लिने विश्वास व्यक्त गर्नुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छा, विराट एक्स्पोका संयोजक भोलेश्वर दुलाल र उद्योग सङ्गठन मोरङका अध्यक्ष सुयश प्याकुरेलले विराट एक्स्पोको विविध पक्षमा जानकारी गर्दै 'मेरो देश मैरै उत्पादन' लाई सङ्गठनले बढावा दिएको धारणा राख्नुभयो ।रासस

# डिप ट्युबवेलका ट्रान्सफर्मर चोरी



बारा । बारा र पर्सा जिल्लामा भूमिगत सिँचाइका लागिविभिन्न स्थानमा जडान भएका डिपट्युवेलबाट ट्रान्सफर्मर चोरी भएको पाइएको छ ।

ट्रान्सफर्मर चोरीका कारण दुवै जिल्लामा भूमिगत सिँचाइको काम प्रभावित भएकोभूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनको कार्यालय वीरगञ्ज पर्साले जनाएको छ । मधेश प्रदेश सरकारको मातहतमा रहेको कार्यालयका अनुसार पर्सा जिल्लामा तीन वटा र बारा जिल्लामा तीन वटा ट्रान्सफर्मर चोरी भएका छन् ।

चोरी भएका ट्रान्सफर्मरबारे पर्सा र बाराका प्रहरी प्रशासनलाई जानकारी दिएको कार्यालयप्रमुख अरविन्दकुमार मिश्राले जानकारी दिनुभयो । चोरी भएका छ वटा ट्रान्सफर्मरको मूल्य रु ३० लाख रहेको उहाँको भनाइ छ ।

कार्यालयका अनुसार पर्साको वीरगञ्ज महानगरपालिका वडा नं २८ र ३१, कोन्दियाको वडा नं ३२ को सोलखपुर र बारा जिल्लाको पर्सोनी गाउँपालिका वडा नं ७ प्रस्टोका, महागढी माई नगरपालिकाको तेलकूवा र हर्नेया नजिक इनर्वामालमा जडान भएका डिपट्यूवेलबाट ट्रान्सफर्मर चोरी भएको प्रमुख मिश्राले जानकारी दिनुभयो । उहाँका अनुसार विगत दुई महिनाको अवधिमा ६ वटै ट्रान्सफर्मर चोरी भएको हो । ट्रान्सफर्मर चोरी भएपछि किसान समस्यामा परेको मिश्राको भनाइ छ ।

पर्साका प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले चोरी भएको ट्रान्सफर्मर विषयमा छानबिन तथा पत्ता लगाउनका लागि सम्बन्धित प्रहरी चौकीमा निर्देशन दिइएको बताउनुभयो ।

ट्रान्सफर्मरभित्र रु ५० हजार पर्ने तेल ररु चार लाखभन्दा बढी मूल्य पर्ने तामाको तार जडान गरिएको हुन्छ ।रासस

# कालीगण्डकी करिडोर निर्माण अघि बढ्यो

रामपुर । विवादका कारण रोकिएको कालीगण्डकी करिडोर सडक निर्माण कार्य अघि बढेको छ ।

करिब तीन वर्षदेखि कालीगण्डकी करिडोर सडकअन्तर्गत पर्ने रामपुर नगरपालिका-५ स्थित मटेरी ठूलोटारमा स्थानीयको विवादले सडक निर्माण रोकिएको थियो । राष्ट्रिय गौरवको योजनाको रुपमा रहेको सो सडकसँग जोडिएका स्थानीयको विवादका कारण सडक निर्माणले गति लिन सकेको थिएन । सार्वजनिक जग्गा संरक्षण पक्ष र सो क्षेत्रमा घर जग्गा पर्ने पक्षबीच सडक निर्माणका विषयमा लामो समयदेखि विवाद बल्झिएको थियो ।

रामपुर नगरपालिकाको पहलमा अहिले सडक निर्माणको काम सुरु गरिएको छ । विभिन्न योजना सञ्चालनका क्रममा भएका अवरोध हटाउने सूचना जारी गरेको नगरपालिकाले अवरोध हटाउने र योजना सञ्चालन गर्न सहयोग गर्ने जिम्मा लिएसँगै विवादले रोकिएको सडक निर्माणको काम सुरु भएको हो ।

पिपलडाँडा-गैँडाकोट सडक योजनाअन्तर्गत विवादले रोकिएको मटेरी ठूलोटार क्षेत्रमा पर्ने चार सय ५० मिटर सडक ११ मिटर चौडाइ कालोपत्रसहित निर्माण कार्य हुने कालीगण्डकी करिडोर योजनाका इन्जिनियर विष्णुभट्टराई बताउनुहुन्छ।स्थानीयकोअवरोधका कारण रोकिएको सडक निर्माणका लागि स्थानीयबीच आपसी समझदारीमा काम गर्ने भनिए पनि त्यो हुन नसकेपछि नगरपालिकाको सहयोगमा करिडोरसडकयोजनाले डिपिआरअनुसार नै काम गर्न सुरु गरेको उहाँले बताउनुभयो । रामपुर नगरपालिका-२ भलायटारस्थित सडक निर्माण हुन सकेको छैन । सो सडकखण्डमा कालीगण्डकी करिडोर सडक योजनाको डिपिआरअनुसार नै निर्माण हुने उहाँले बताउनुभयो ।

वर्षायाममा हिलो र हिउँदमा धुलाम्य सडकमा सर्वसाधारणले कष्टकर यात्रा गर्नुपर्ने समस्या रहेको स्थानीय युवा दीपेन्द्र भट्टराई बताउनुहुन्छ । "पानी परेपछि बाटो हिलाम्य भएर सडक वारपार गर्नै नसक्ने अवस्था थियो, मोटरसाइकल, स्कुटरबाट लडेर कतिपय घाइतेसमेत भएका छन्, विवादले रोकिएको सडक अहिले निर्माणको कामले स्थानीय उत्साहित भएका छन्", उहाँले भन्नुभयो ।

सडकसँग जोडिएका स्थानीयले उच्च अदालत तुलसीपुरमा रिट दायर गरेपछि आयोजनाको काम अगाडि बढ्न सकेन । रिट दायर पक्ष र रामपुर नगरपालिकाबीच छलफल हुँदा एक/दुई मिटर तलमाथि मिलाएर काम गर्ने सहमती भएपछि रिट दायर पक्षले निवेदन निकालेर काम गर्न खोज्दा सार्वजनिक जग्गा संरक्षणको पक्षमा रहेका स्थानीयले चउर मिच्न नपाइने भन्दै काम रोकिन पुगेको रामपुर-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले बताउनुभयो । "सहमतिपश्चात् सडकको उत्तरतर्फको भागमा (बस्ती बसोबास जोडिएको) नाली खन्ने काम गरियो, दक्षिणतर्फको भागमा (सार्वजनिक चउर) खन्ने क्रममा स्थानीयबाट चउर मिचिने भयो भन्दै अवरोध भएपछि काम बन्द गर्नुपर्‍यो, पहिलाको सहमतिअनुसार काम नभएपछि मापदण्डअनुसार गत मङ्सिर २६ गतेदेखि सडक निर्माणको काम सुरु गरिएको छ", वडाध्यक्ष पोखरेलले भन्नुभयो ।

नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्दै राष्ट्रिय गौरवको आयोजनाबाट सुरु गर्ने र त्यसपश्चात् नगर गौरवका योजना, वडा गौरवमा योजना पर्ने सार्वजनिक जग्गा मिचेर बनाएका संरचना हटाउने नगर प्रमुख रमणबहादुर थापा बताउनुहुन्छ ।

"स्थानीयको विवादले लामो समयसम्म काम हुन सकेन, यात्रुले सास्ती खेप्नु परेको छ", उहाँले भन्नुभयो, "नगरभित्रका सञ्चालित राष्ट्रिय गौरवका आयोजना, नगर गौरव र वडा गौरवका योजनामा परेका सार्वजनिक जग्गामा बनेका संरचना हटाएर काम गरिनेछ ।"

योजना सञ्चालनमा बाधा पुर्‍याउने गरी सार्वजनिक स्थानमा निर्माण भएका अवैध संरचनासमेत हटाउने नगर प्रमुख थापाले बताउनुभयो । विवादले रोकिएको सडकमा यसभन्दा अघि पटकपटक स्थानीय तथा यात्रुले काम सुचारु गर्न स्थानीय सरकार, कालीगण्डकी करिडोर सडक योजनासमक्ष आग्रह गर्दै आएका थिए ।रासस

# प्रधानमन्त्री देउवाद्वारा कांग्रेस नेता चित्रकारप्रति श्रद्धाञ्जलि

काठमाण्डु । प्रधानमन्त्री एंवनेपाली कांग्रेसका सभापति शेहबहादुर देउवाले पार्टीका नेता स्व कमल चित्रकारप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ ।

नेपाल तरुण दलका पूर्वमहासचिव एवं काठमाडौँ नगरपञ्चायतका पूर्व प्रधानपञ्च चित्रकारको सोमबार निधन भएको थियो ।

स्व चित्रकारको शव श्रद्धाञ्जलिका लागि विहीवार गौशालास्थितपशुपतिआर्यघाटमा राखिएको थियो । प्रधानमन्त्री देउवाले उहाँप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै लोकतन्त्र स्थापनाको आन्दोलनमा स्व चित्रकारले पुर्‍याउनुभएको योगदान सदैव स्मरणीय रहने उल्लेख गर्नुभयो ।

स्व चित्रकारप्रति कांग्रेस नेता प्रकाशमान सिंह, अर्जजनरसिंह केसी, गृहमन्त्री बालकृष्ण खाँण, काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहलगायतले श्रद्धाञ्जलि अर्पण गर्नुभएको थियो।लामोसमयदेखिमुटुसम्बन्धी रोगबाट पीडित चित्रकारको वीर अस्पतालमा उपचारको क्रममा सोमबार बिहान ६:३० बजे निधन भएको थियो ।

स्व चित्रकारको श्रीमती, दुई छोरा र दुई छोरी हुनुहुन्छ । राजनीतिमा विद्यार्थीकालदेखि सक्रिय चित्रकारले राजनीतिक जीवनमा चार वर्ष जेल जीवन बिताउनुभएको थियो ।विसं २०३८ मा सुधारिएको पञ्चायतले गरेको पहिलो चुनावमा काठमाडौँ महानगरको प्रधानपञ्च बन्नुभएका चित्रकारले प्रधानपञ्च भएका बेला रत्नपार्क भोटाहिटी जोड्ने 'सव वे' निर्माण गर्नुभएको थियो ।

काठमाण्डुका रैथाने चित्रकारलाई भोटाहिटी चौबाटोमा हुने भीडभाडको अवस्थाका कारण जनताले भोग्नु परेको दुःख थाहा थियो । त्यसैले आफू निर्वाचित भएपछि बटुवाका लागि सहज हुने गरी सबैभन्दा पहिला रत्नपार्कबाट भोटाहिटी जान आकाशे पुल बनाएर काम गर्नुभएको थियो। रासस

# मानसिक हिंसाको उजुरी दर्ता सबैभन्दा बढी



काठमाण्डु । राष्ट्रिय महिला आयोगले चालु आर्थिक वर्षको चार महिनामा मानसिक हिंसासम्बन्धी सबैभन्दा धेरै उजुरी परेको जानकारी दिएको छ । आयोगद्वारा विहीवार यहाँ आयोजित कार्यक्रममा कुल उजुरीमध्ये ४२ प्रतिशत मानसिक हिंसासम्बन्धी उजुरी रहेको जानकारी दिइएको हो । आयोगमा साउनदेखि कात्तिकसम्म मानसिक हिंसासम्बन्धी तीन सय २५ (४२ प्रतिशत), आर्थिक हिंसासम्बन्धी दुई सय २४ (२९ प्रतिशत), शारीरिक हिंसासम्बन्धी एक सय ९८ (२६ प्रतिशत) र यौनजन्य हिंसा २२ (३ प्रतिशत) दर्ता भएका छन् ।

"केन्द्रमा मात्र सहज पहुँच हुनाले बागमती प्रदेशमा बढी उजुरी दर्ता भएको हुनसक्छ", आयोग अध्यक्ष कमलाकुमारी पराजुलीले भन्नुभयो, "आयोग ग्रामीण समुदायबाट पनि उजुरी दर्तामा होस् भनी सहज वातावरण सिर्जना गर्न पहल गरेका छौँ ।"

कार्यक्रममा चालु आवको चार महिनामा आयोगद्वारा भएकास्थलगत अनुगमन, सचेतनामूलक कार्यक्रम तथा प्रकाशन, दर्ता भएका उजुरीलगायतका गतिविधिबारे जानकारी दिइएको थियो ।रासस

# विश्वविद्यालयहरु राजनीतिबाट मुक्त हुनुपर्छ : प्रधानमन्त्री

बनेपा । प्रधानमन्त्री एवं काठमाडौँ विश्वविद्यालयका कूलपतिशेरबहादुर देउवाले विश्वविद्यालय राजनीतिबाटमुक्त रही स्वतन्त्रतवरबाट प्राज्ञिक अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्ने बताउनुभएको छ ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा विहीवार आयोजित पहिलो चरणको २८औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँलेकाठमाडौँ विश्वविद्यालयले विगत तीन दशकदेखि गुणस्तरीय एवं प्राविधिक शिक्षा उपलब्ध गराएर विभिन्न विधामा कर्मशिल, सिर्जनशिल र क्षमतावान जनशक्ति उत्पादन गरी मुलुकको आर्थिक र सामाजिक विकासमा योगदान पुर्‍याउँदै आएको बताउनुभयो ।

"विश्वविद्यालय विद्यार्थीमा ज्ञान, सीप र दक्षता विकास गर्न तथा उहाँहरुमा लुकेको प्रतिभा र सिर्जनालाई उजागर गरी समाज र देशको हितका लागि प्रयोग गर्न सहयोग पुर्‍याउने पवित्र शैक्षिक केन्द्र हो", उहाँले भन्नुभयो, "विश्वविद्यालयहरु राजनीतिबाट मुक्त रही स्वतन्त्रतवरबाट प्राज्ञिक अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्दछ ।"

नेपालका उच्च शिक्षाको क्षेत्रमा काठमाडौँ विश्वविद्यालयको आफ्नो इमान, गरिमा र छुट्टै पहिचान रहेको बताउनुहुँदै उहाँले विश्वविद्यालयबाट उत्पादित जनशक्ति देशभित्र मात्र नभइ विदेशमा पनि महत्वपूर्ण संस्थामा आवद्ध भई उत्कृष्ट सेवा पुर्‍याउँदै आउनु सबैका लागि गर्वको विषय भएको उहाँले बताउनुभयो । उहाँले काठमाडौँ विश्वविद्यालयका विभिन्न सङ्कायमा दीक्षित भएका विद्यार्थीलाई बधाई व्यक्त गर्नुभएको छ ।

भविष्यमा भौतिक तथा प्राज्ञिक विकासका लागि निरन्तर सहयोग प्राप्त हुने उहाँले अपेक्षा व्यक्त गर्नुभएको छ।

सो क्रममा उहाँले काठमाडौं विश्वविद्यालयबाट पहिलो पटक 'मास्टर्स अफ इन्जिनियरिङ इन सेनिटेसन टेक्नोलोजीमा छ जना र मास्टर्स अफ साइन्स सेटिटेसन टेक्नोलोजीमा एक जना गरी सात जनालाई उपाधि प्रदान गर्नुभएको छ ।

**एक हजार ६९९ विद्यार्थी दीक्षित**

काठमाडौं विश्वविद्यालयमा अध्ययनरत विभिन्न सङ्कायका स्नातक, स्नातकोत्तर र विद्यावारीधिका गरी एक हजार छ सय ९९ जना विद्यार्थी दीक्षित भएका छन् । प्रधानमन्त्री तथा कूलपति शेरबहादुर देउवाको अध्यक्षता तथा वरिष्ठ फिजिसियन तथा मुटुरोग विशेषज्ञ डा मृगेन्द्रराज पाण्डेको प्रमुख आतिथ्य एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री तथा सहकूलपति देवेन्द्र पौडेलको उपस्थितिमा पहिलो चरणको समारोहमा मानविकी, शिक्षा, इञ्जिनियरिङ, कानून, व्यवस्थापन, स्वास्थ्य विज्ञान र विज्ञान विधाका ८ जना विद्यावारिधि, ८५ जना एमफिल, स्नातक र स्नातकोत्तर तहका गरी एक हजार छ सय ६ जनासहितएक हजार छ सय ९९ जना विद्यार्थी दीक्षित भएको काठमाडौँ विश्वविद्यालयले जनाएको छ ।

विश्वविद्यालयका अनुसार मानविकीका दुई सय २०, शिक्षाका दुई सय दुई, इञ्जिनियरिङका २६, कानूनका ४० जना, व्यवस्थापनका चार सय ५२, स्वास्थ्य विज्ञानका सात सय १२ जना र विज्ञान संकायका ३७ जना विद्यार्थी दीक्षित भएका छन् ।

दीक्षित हुने विद्यार्थीमध्येसात सय ३४ जना पुरुषर नौ सय ६५ जना महिला छन् । दीक्षित हुनेमा अस्ट्रिया, क्यानडा, चीन, जर्मनी, भारत, इटाली, माल्दिभ्स पोर्चुगल, रूस, सिङ्गापुर, स्पेन, श्रीलङ्गा, ताइवान र संयुक्त राज्य अमेरिका गरी १४ देशका एक सय ८६ जना विदेशी विद्यार्थी समेत रहेको विश्वविद्यालयले जनाएको छ । यस विश्वविद्यालयबाट ४० हजार ३५ जना उत्तीर्ण भइसकेका छन् ।रासस


## Vacancy Announcement


Community Improvement Center (CIC) is a non-governmental organization working in rural and need-based community with the prime objective of promoting social, economic and environmental development through rights-based approach following participatory process. CIC together with Habitat for Humanity Nepal is going to implement Resilient Inclusive Sustainable Eastern Nepal (RISEN) Project in Sahidnagar Municipality, Dhanusha District. Thus, CIC invites applications from suitable and qualified Nepali candidates for the following full time field based position.

**1. Project Officer/DRR – 1 (Based in Dhanusha District)**

**Key Responsibilities:** Purpose of the position is to implement RISEN project activities in the field in close coordination and collaboration with Local Government. S/he will be responsible to ensure project interventions are timely and effectively implemented in compliance with planning and expected results. Support effective coordination and collaboration with local government and other organization in the project area and facilitate to formulate inclusiveness DRR plan, guideline and policies; S/he will organize periodic community level meetings to ease formation and strengthening of Inclusive Local Disaster Management Committee (LDMC),Ward Level Disaster Management Committee (WDMC), Community Disaster Management Committees (CDMC) at Municipality and ward level; Organize training and visit, facilitate LDMC, WDMC& CDMC meeting, and other works in relation to Habitat's Project; Ensure the linkages with the climate change, Gender, Disability and diversity within DRR plan and actions; Ensure consultation with various stakeholders on variety of disaster management activities; Support in managing budget, work planning, implementation, monitoring, and evaluation of DRR activities in the local level; S/he will work closely with CDMC, WDMC and LDMC and municipality and repot to CIC management. S/he track activities delivery as per the plan and prepare Monthly, Quarterly and Final report and timely submit to relevant agencies.

**Preferred Qualifications and Experience:** Bachelor's Degree in disaster risk reduction, Environmental science, humanitarian or development related field with a minimum of 3 years of work experience in DRR/Climate Change or master's degree with at least 1 year experience in the same as Bachelors. Knowledge in gender and disability inclusion is highly preferred. Have excellent computer skills, strong coordination and communication skills, willingness to travel and stay in rural areas, ability to work under pressure. Local language is preferrable.

Interested candidates meeting the above qualification and competency are encouraged to apply with their current CV and application letter to the email address **cicdhanusha@yahoo.com** within **22nd of December 2022.**Preference will be given to disadvantaged groups (Women, Dalit, Janajati) and local resident in the recruitment process. Only shortlisted candidates will be contacted. Telephone enquiries shall not be entertained.



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# पुस्ता हस्तान्तरण कठिन

देशमा भएको आमनिर्वाचनको क्रममा परम्परागत राजनीति गर्ने नेताहरुबाट नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण हुनुपर्ने आवाज र वहस खुब चल्यो । चुनावमा युवाहरु निर्वाचित पनि भए । कतिपय युवाहरु दल बनाएर चुनाव जिते भने कतिपय युवाहरु पुराने दलको चुनाव चिन्हबाट निर्वाचित भए । युवाहरुको संख्या तुलनात्मक रुपमा पहिलो पुस्ताको भन्दा कम नभए पनि पुस्ता हस्तान्तरणको विषयमा आवाज उठाउनेहरुको संख्या भने कम छ । समान्यतया अहिले नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र मध्ये कुनै एउटा दलको नेतृत्वमा सरकार गठन हुने देखिन्छ । राजनीतिमा हरेक संभावना हुन्छ। तर तीनै दलबाट प्रधानमन्त्री बन्ने नेता बजुर्ग भइसकेका छन्। युवा जोश, जाँगर भएका नेताहरुलाई मौका मिल्ने संभावना कमै छ। देश हाँक्ने काबिल युवा नेताहरुलाई मतदाताले चुनावमा विजयी बनाएका छन्। नेपाली कांग्रेसमा गगन थापा लगायतका कयौं क्षमतावान युवाहरु छन् । एमालेमा पनि योगेश भट्टराई जस्ता कयौं युवा नेताहरु छन् । माओवादीमा पनि जनार्दन शर्मा लगायतका नेताहरु छन् । तर अवसर पाए सरकारको नेतृत्व कांग्रेसमा सभापति शेरबहादुर देउवा, रामचन्द्र पौडेल, एमालेमा केपी शर्मा ओली र माओवादीमा प्रचण्ड नै छन्। देशवासीको चाहना युवा नेतृत्वलाई शासनको कार्यभार दिने हो। पुराना नेताहरुको ठूलो त्याग र योगदान छ। देशमा पुराना नेताहरुले कयौं व्यवस्था परिवर्तन गर्न सफल भए। अनेक ऐतिहासिक कार्यहरु गरेका बुजुर्ग नेताहरुलाई अब सम्मान दिनु पर्छ । राज्यले पहिलो पुस्ताका नेताहरुलाई सबै प्रकारको सम्मान दिनु आवश्यक छ। तर देशको शासनको जिम्मेवारी अब युवाले पाउनु पर्छ। नेपालीको चाहना युवा नेतृत्व रहेको पालिका, प्रदेश र संघीय संसदको निर्वाचनमा देखिएको छ। युवा नेताहरुले देश चलाउने र बुजुर्ग नेताहरुले मार्ग दर्शन गर्ने परिपाटी बसाल्नु पर्छ । युवा नेतृत्वमा देशवासीहरुले आफ्नो भविष्य हेरिरहेका छन्। युवा पुस्ताले अबको नेतृत्व पाउनु पर्छ । पहिलो पुस्ता अभिभाकत्व निर्वाह गरे देशले अग्रगति लिनेछ । सुन्दर, शान्त नेपालमा अब विकासको खाँचो छ । युवा शक्तिलाई विदेशिनु पर्ने बाध्यता हटाउनु पर्छ । स्वदेशमा नै पर्याप्त रोजगारीको अवसर सृजना गर्न युवा नेतृत्वलाई जिम्मेवारी दिनु आवश्यक छ। युवा पुस्ता भनेर बेरोजगार बनाएर राख्न हुँदैन् । युवा नेतृत्वमा रहेको क्षमताको प्रयोग देशको विकास र शान्तिका लागि गर्नुपर्छ । युवामा रहेको सीप र जाँगरले देश बन्छ । तर पहिलो पुस्ताले युवा पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न नै चाहँदैनन् । युवा पुस्ताले नेतृत्व नपाए सम्म उनको क्षमताको मूल्यांकन गर्न मिल्दैन् । पश्चिमा देशहरु युवाले नै हाँकी रहेका छन्। नेपाललाई नेतृत्व दिन युवा पुस्ता सक्षम छन्, अवसर दिनुपर्छ।

# सशक्त सत्तापक्ष, रचनात्मक प्रतिपक्ष



ललित कुमार यादव

२०६२/०६३ को जनआन्दोलनको सफलता पश्चामत दलहरु सुध्रिने आशमा नेपाली जनता थिए। तर त्यसपछि पनि आफुले पाएको सत्तापक्ष वा प्रतिपक्षको भुमिका मा कुनै पनि दलले आफुलाई अब्बल साबित गर्न सकेनन्।सत्तामा रहँदा सशक्त भूमिका निर्वाह गर्न नसकेका दलहरु न त प्रतिपक्षमा रहँदा रचनात्मक भूमिका निर्वाह गर्न सके। सँधै सत्ता मात्र ताकेर बसे। दलहरुले प्रतिपक्षको भूमिकालाई नैबिर्सिदै गए। सँधै सत्तामै आँखा लगाई राखे।नेमकिपा वाहेकका हरेक दल सँधै सत्ताकै विकृत खेलमा रमाएका देखिए ।

यहि मंसिर ४ गते सम्पन्ना निर्वाचनको मतपरिणाम सार्वजनिक भई सकेको छ। यस निर्वाचनबाट पनि काँग्रेस र एमाले नै क्रमशः पहिलो र दोस्रो दल बनेका छन्। तर यसै निर्वाचनबाट नयाँ शक्तिको रुपमा रास्वपा, जनमत पार्टी र नाउपा उदाएका छन्।नयाँ दलले ल्याएको मतलाई हेर्दा आमनागरिकमा पुराना दलप्रतिको वितृष्णाप र नयाँ दलप्रतिको आकर्षणको संकेत मान्ने सकिन्छ। सत्तापक्षले गठबन्धन गर्दा समेत बहुमतको नजिक मात्र पुगेका छन्, भने प्रतिपक्षले तालमेल गर्दा पनि बहुमतको नजिक समेत पुग्न सकेन्।गठबन्धनको साथ पाएर पनिमाओवादी कमजोर भएको छ, भने एकिकृत समाजवादी राष्ट्रिय दल बन्न् सकेन।बरु राप्रपा फेरि शक्तिमा आएको छ र राष्ट्रिय दल बनेको छ ।

हरेक निर्वाचनमा वैकल्पिक शक्तिका रुपमा नयाँ दल आउन खोजे।नयाँ दललाई जनताले विश्वाटस पनि गरे। तर अर्को निर्वाचनसम्म ती दलहरुलेजनताको विश्वायसलाई भरोसा बदल्न सकेनन्। जनताले फेरि काँग्रेस र एमालेतिरै आश लगाए। यसरीनै हालसम्म काँग्रेस र एमालेको वर्चस्व जोगिदै आएको छ। संसदमा प्रवेश गरेका नयाँदलहरुले आगामी दिनमा संसदमा गर्ने प्रस्तुतिले तिनीहरुको भविष्य को निर्धारण गर्छ ।अबको दिनमा पुराना दलहरु सुध्रिन तयार हुन्छन कि हुँदैनन्। यसले पुराना दलहरुको भविष्यर तय गर्छ।

अहिलेको निर्वाचनबाट पनि कुनै दलले बहुमत प्राप्त गर्न सकेका छैनन्। हाम्रो निर्वाचन प्रणालीले पनि कुनै एक दललाई सजिलै बहुमत प्राप्त गर्न दिदैन। हामिले पाउने भनेकै त्रिशंकु संसद हो। त्रिशंकु संसदमा सबैले प्रधानमन्त्रीनै खोज्छन्।चाहे त्यो दलको साइज सानै नै किन नहोस। त्रिशंकु संसदमा सत्ताका के कस्ता विकृत खेलहरु हुन्छन्?यो कुरा नेपाली जनतालाई राम्रोसँग थाह छ।

कुनै पनि लोकतान्त्रिक मुलुकमा जनतालाई पुर्णरुपमा स्वतन्त्र सार्वभौम तथ न्यायपूर्ण अधिकार प्रदान गर्न राज्यका तीन अंगको व्यवस्था गरिएको हुन्छ। राज्यको कानुननिर्माण गर्ने, कार्यान्वयन गर्ने र व्यख्या गर्ने कार्य तीन फरक फरक अंगबीच विभाजन गरिएको हुन्छ।शक्ति पृथकीकरणको सिद्धान्तले एकै व्यक्ति एक भन्दा बढी अंगमा रहन नहुने र एक अंगले अर्को अंगको कार्यमा कुनै नियन्त्रण गर्न नहुने गरी राज्यका तीनवटै अंग स्वतन्त्र हुनु पर्ने मान्यता राख्दछ।

तर राज्यका यी तीनवटै अंग बेलाबखतमा विवादमा तानिने गरेका छन्। हाम्र यी तीनवटै अंग प्रभावकारी हुन नसकेका मात्रै होइन, विबादरहित पनि रहँन सकेका छैनन्।पछिल्लो पाँच वर्षकै कार्यकालमा यी तीनवटै अंगहरु विवादमा तानिए। अहिले पनि संसदले न्यायालय प्रमुखलाई लगाएको महाअभियोग विवादितनै छ। हुन त हाम्र राजनीतिक दलहरुले विगतमा न्यायालय प्रमुखलाई नै कार्यकारी प्रमुख बनाई सकेका छन्। त्यसतै प्रतिपक्ष विहिन संसदको अभ्यास पनि गरी सकेका छन्।

लोकतान्त्रिक प्रणालीको अभिन्नै र महत्वपूर्ण अंग राजनीतिक दलहरुनै हुन्।राजनीतिक दललाई कानूनी शासन कायम गर्न, मानव अधिकारको प्रत्याभूति गर्न र सुशासनको सुदृढीकरण गर्नका लागि अत्यावश्यसक आधारको रुपमा लिइन्छ। लोकतन्त्रमा राजनीतिक दलहरुबीच हुने प्रतिस्पर्धाको विकल्प हुँदैन।बढी सिट जितेका दलले सत्तापक्षको र त्यो भन्दा् कम सिट जितेका दलले प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ। जनतामा निहित सार्वभौमसत्ता, बहुमतको सरकार, अल्पमतको सम्मान र आवधिक निर्वाचन लोकतन्त्रका राजनीतिक आयाम हुन्। समानता लोकतन्त्रको सामाजिक आयाम हुन् । नेपालको इतिहासमा कुनै बेला संसदमा प्रतिपक्ष कमजोर हुँदा लोकतन्त्र संकटमा पर्ने गरेको छ भने कुनै बेला सरकार कमजोर हुँदा। सशक्त स्थिर सरकार र रचनात्मक बलियो प्रतिपक्षको आश गरेका छन्,

*नेपालको इतिहासमा कुनै बेला संसदमा प्रतिपक्ष कमजोर हुँदा लोकतन्त्र संकटमा पर्ने गरेको छ भने कुनै बेला सरकार कमजोर हुँदा । सशक्त स्थिर सरकार र रचनात्मक बलियो प्रतिपक्षको आश गरेका छन्, नेपाली जनताले। तर नेपाली जनताको यो प्यास मेटिने कुनै संकेत देखिएको छैन् । प्रमुख प्रतिपक्षलाई संविधानले नै निश्चिेत अधिकार र सम्मान दिएको छ। संवैधानिक अंगका पदाधिकारी सिफारिसमा प्रमुख प्रतिपक्षी दलको पनि अहं भूमिका हुन्छ। संसदभित्र प्रधानमन्त्री पछिको दोस्रो मर्यादाक्रम प्रमुख प्रतिपक्षी दलको संसदीय दलको नेताको हुन्छ । आवधिक निर्वाचन लोकतन्त्रको मुख्य आवश्यलकता हो। तर, निर्वाचनले मात्र लोकतन्त्रलाई बलियो बनाउन सक्दैन् । लोकतन्त्रलाई बलियो बनाउन रचनात्मत बलियो प्रतिपक्ष संसदमा हुन अपरिहार्य हुन्छ। प्रतिपक्ष कमजोर भयो वा रचनात्मक भूमिका खेल्न नसकेमा लोकतन्त्रको संवर्द्धन हुनेमा शंका हुन्छ। भर्खरै वामे सर्दै गरेको लोकतन्त्रमा प्रतिपक्षको झन अहं भूमिका हुन्छ। संसदीय व्यवस्थामा सत्तापक्षका साथै प्रतिपक्षको पनि अहं भूमिका हुन्छ। २०४८ सालमा दमननाथ ढुंगना सभामुख थिए।*

नेपाली जनताले। तर नेपाली जनताको यो प्यास मेटिने कुनै संकेत देखिएको छैन्।प्रमुख प्रतिपक्षलाई संविधानले नै निश्चिेत अधिकार र सम्मान दिएको छ। संवैधानिक अंगका पदाधिकारी सिफारिसमा प्रमुख प्रतिपक्षी दलको पनि अहं भूमिका हुन्छ।संसदभित्र प्रधानमन्त्री पछिको दोस्रो मर्यादाक्रम प्रमुख प्रतिपक्षी दलको संसदीय दलको नेताको हुन्छ।

आवधिक निर्वाचन लोकतन्त्रको मुख्य आवश्यलकता हो। तर, निर्वाचनले मात्र लोकतन्त्रलाई बलियो बनाउन सक्दैन्। लोकतन्त्रलाई बलियो बनाउन रचनात्मत बलियो प्रतिपक्ष संसदमा हुन अपरिहार्य हुन्छ।प्रतिपक्ष कमजोर भयो वा रचनात्मक भूमिका खेल्न नसकेमा लोकतन्त्रको संवर्द्धन हुनेमा शंका हुन्छ। भर्खरै वामे सर्दै गरेको लोकतन्त्रमा प्रतिपक्षको झन अहं भूमिका हुन्छ । संसदीय व्यवस्थामा सत्तापक्षका साथै प्रतिपक्षको पनि अहं भूमिका हुन्छ। २०४८ सालमा दमननाथ ढुंगना सभामुख थिए। नेपालमा संसदीय परिपाटी तथा संस्कार निर्णमा उनको कार्यकालमा उल्लेख्यथ काम भएको मानिन्छ। उनले सदनमा भनेका थिए ँसरकार सत्तापक्षको र संसद प्रतिपक्षको हुन्छ।विभिन्न संसदीय समितिमा रहेर सरकारको गलत कामको खबरदारी गर्न र राम्रा कामको प्रशंसा गर्न सक्नु प्रतिपक्षको मूख्य कर्तव्य हो।

संसदमा प्रतिपक्षको भूमिका कमजोर भयो भने जनताको आवाज कमजोर हुन्छ। सरकारका अनुत्तरदायी र अलोकतान्त्रिक गतिविधि रोक्न प्रतिपक्षले प्रभावकारी भूमिका निर्वाह गर्न सक्नुपर्छ।सरकारमा रहेका दलहरुलाई उनीहरुले निर्वाचनमा गरेका प्रतिबद्धताहरु कार्यान्वयन गर्न दवाव दिने।नागरिक तहबाट उठेका प्रश्ननहरुको जवाफ दिन सरकारलाई जिम्मेवार बनाउने।सरकारको हरेक गतिबिधीमा सुक्ष्म निगरानी राख्नेर।विभिन्न समयमा देखिने विकृति र विसंगतिका बिरुद्धमा संसदमा व्यापक छलफल गर्ने, सरकारको ध्याननाकर्षण गराउने। सरकारले सत्ता र शक्तिको आडमा गलत काम कारबाही गर्न खोज्दा खबरदारी गर्ने र जनतालाई सुसूचित गराउने ।संसदमा राष्ट्रि य मुद्दा र जनजिविकाका कुराहरु व्यापक रुपमा उठाउने। सदन देखि सडकसम्म आफ्ना एजेन्डा राख्ने । सरकारलाई देश र जनता केन्द्रित सत्ता सञ्चोलन गर्न बाध्यआ पार्न सक्नुपर्छ, प्रतिपक्षले । प्रमुख प्रतिपक्षी दलले संसदमा छायाँ सरकारको भूमिका समेत निर्वाह गर्न सक्नुपर्छ। त्यसको लागि विषयगत दक्षता राख्ने लाई सरकारको गतिबिधी अध्यकयन गर्ने र संसदमा बोल्ने जिम्मासहित ब्यक्ति तोक्नु पर्छ। संसदमा प्रतिपक्षको उपस्थितिले जनतालाई लोकतन्त्रको आभास दिलाउन सक्नुपर्छ।प्रतिपक्षले सार्वजनिक जीवनमा उठेका विषय वैधानिक तवरले सदनमा उठाउनसक्नुपर्छ।

महँगी बढदा, शान्तिसुरक्षा बिग्रिदा, समाजमा हिंसा बढदा,भ्रष्टानचार मौलाउदा, विकास निर्माणका काम ठप्पी हुँदा, राज्यकोषको दुरुपयोग हुँदा प्रतिपक्षले सदनमा चर्को स्वरमा आवाज उठाउनु पर्छ र सरकारलाई तत्काल सच्चिन बाध्य पार्नुपर्छ। सरकारका जनविरोधी कार्यविरुद्ध प्रतिपक्षले कडा अडान लिन सक्नुपर्छ। प्रतिपक्षसँग जनताले यही अपेक्षा राखेका हुन्छन्। सडकमा उठेको कुरा सदनमा लैजाने , नीति निर्माणका विषयमा ब्यापक बहस चलाउने र नीति निर्माण तहमा भएका बेथिति सुधार्ने काम पनि प्रतिपक्षको हो ।

प्रतिपक्षले सरकारको विरोध मात्रै गर्नुपर्छ भने होइन।कतिपय राष्ट्रि य महत्वका नीतिहरुको सन्दर्भमा सहमति जनाउँदै सरकारसँग सहकार्य गर्दै जिम्मेवार प्रतिपक्षको भूमिका पनि निर्वाह गर्नुपर्छ। प्रतिपक्षी दल हुनाका नाताले राज्यबाट सेवा सुबिधा लिने र संवैधानिक समितिमा बसेर भाग मात्र खोज्नु हुँदैन्। प्रतिपक्षले जहिल्यै सत्तापक्षसँग बार्गेनिङ मात्रै गरी रहने होइन। प्रतिपक्षले सरकारको काम कारबाहीबाट देश र जनताको हित हुने नहुने हेरेर सरकारलाई सहयोग वा सरकारको बिरोध आवश्यहकता हेरी दुवै गर्नुपर्ने हुन्छ। सत्तापक्षले पनि विपक्षको अस्तित्वलाई स्वीकार गर्नु पर्छ। विपक्षले उठाएको आवाज जनताले उठाएको आवाज हो भनेर गम्भिर भएर विपक्षको आवाज सुन्नु पर्छ र आवश्यठक कार्यान्वयन गर्न तयार पनि हुनुपर्छ। सत्तापक्षले प्रतिपक्षलाई दबाउन र सत्तामा टिकिरहन राज्यस्रोतको दुरुपयोग गर्नु हुँदैन्। जनतालाई सुशासन दिन र जनता केन्द्रित सत्ता सञ्चालन गर्न सत्तापक्षले प्रतिपक्षको साथ लिएर अगाडी बढनु पर्छ। तर सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच नैतिक प्रश्नत नै उठने सम्झौता गरेर जनताको जनताको आँखामा छारो हाल्ने काम गर्नु हुँदैन।

संसदीय व्यवस्थामा प्रतिपक्षलाई विरोधको छुट हुन्छ।सरकारले अभिव्यक्ति स्वतन्त्रताको ख्याल गरेर आफ्ना कामकारबाही गर्नुपर्छ। देशमा भए गरेका सम्पुर्ण क्रियाकलापको जिम्मेवारी सरकारलेनै लिनुपर्छ। सरकार जनताप्रति जिम्मेवार भएर सत्ता सञ्चा लन गर्न सक्नु पर्दछ। सत्तापक्षले आगामी निर्वाचनमा पनि सत्तापक्षमै कायम रहने गरी जनताको मन जितेर सत्ता सञ्चालन गर्न सक्नुपर्छ।

प्रतिपक्षले सीमान्तकृत र पछिपरेका जनतालाई अधिकार दिलाउन पहलकदमी लिनुपर्छ। प्रतिपक्षले जनताको भाव बुझेर जनहितका मुद्दाहरु उठउनु पर्छ। प्रमुख प्रतिपक्षलाई प्रतिक्षारत सरकार भनिन्छ। यसको अर्थ अनेक दाउपेच गरेर सरकारमा जान खोज्ने होइन्। तर सत्तापक्षले सत्ता चलाउनै सकेन र नेतृत्व लिनु पर्ने अवस्था आयो भने पछि हटनु पनि हुँदैन। प्रतिपक्षले आगामी निर्वाचनबाट सत्तापक्षमा अनुमोदन हुन सक्ने गरी देश र जनताको मुद्दा उठाउन सक्नुपर्छ।

लोकतन्त्रमा आवधिक निर्वाचनबाट जुनसुकै दल पनि सत्ता वा प्रतिपक्षमा पुग्न सक्छ।दलहरुले निर्वाचनबाट आफुले पाएको भूमिका निर्वाह गर्न इमान्दार हुनुपर्छ।सत्तापक्ष र प्रतिपक्ष दुबैले संवैधानिक र कानूनी सिमाभित्र रहेर इमान्दारिताका साथ आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।कुनै पनि राजनीतिक शक्ति स्थापित हुनमा उसको कडा मेहनत र संघर्षले काम गरेको हुन्छ।राजनीतिक दल शक्तिको रुपमा स्थापित रही रहन देश र जनताको माग अनुसार आफ्ना नीति र कार्यक्रमलाई परिमार्जन गर्न सक्नु पर्छ। साथै देश र जनताप्रतिको आफ्नो लगाब र इमान्दारितालाई कायम राख्नज सक्नु पर्छ।

राजनीतिक दल सत्तामा पुगेपछि व्यवस्थापिका, न्यायपालिका, कर्मचारितन्त्र , सुरक्षासंयन्त्र र राज्यकोषसमेतमा आफ्नो पहुँच बढाएर वर्चश्व कायम गर्न खोज्छ।सत्ता र शक्तिको उन्मादमा मात्तिन सक्छ। त्यसबेला सत्तापक्षलाई नियन्त्रण गर्न संसदमा शक्ति चाहिन्छ। संसदको त्यो शक्ति प्रतिपक्ष हो। लोकतन्त्रमा दलहरुबीचको प्रतिस्पर्धाबाट जन्मिएको प्रतिपक्षले चुप लागेर रमिता हेरेर बस्न मिल्दैन। लोकतान्त्रिक मुल्य मान्यता कायम राख्नट पनि प्रतिपक्ष चाहिन्छ। तर जो आए पनि सत्तानै ताकेको देख्दा हाम्रो संसदमा प्रतिपक्षमा बस्न कुनै दलको रुचि नरहेको सजिलै बुझ्न सकिन्छ। प्रतिपक्षमा बसेर अर्को निर्वाचनबाट सत्ताको नेतृत्वक लिने मार्ग कोर्न सिक्न जरुरी छ, राजनीतिक दलहरुले ।

# मधुमेह र फिजियोथेरापी सम्बन्धी केही तथ्यहरु



विनय कंडेल

मधुमेह भन्नाले एक मेटाबोलिक बिकार हो। जसमा रगतमा रकेको चिनीको मात्राः विशेषगरी ग्लुकोजको मात्रा अत्याधिक रुपमा बढ्दछ। मधुमेह मुलत दुई किसिमले लाग्नसक्छः एक चिनीको मात्रा नियन्त्रणगर्ने हर्मोन "इन्सुलिन" को उत्पादनमा कमि वा इन्सुलिनले ग्लुकोज माथि गर्ने प्रतिक्रियामा आँच आउनु। गएको २० वर्षमा मधुमेहको बिरामीहरुमा उल्लेखनीय रुपमा बढेको छ। आज मधुमेह विश्वमै एक डरलाग्दो समस्याको रुपमा स्थापित भैसकेको छ। यो विश्वब्यापी सामुदायिक स्वास्थ्कोय विषय बनिसकेको छ ।

नेपाल पनि यो भयाभह स्तिथिबाट अछुतो रहन सकेको छैन। नेपालमा केहि सोधपत्र मार्फत गरिएको खोजले मधुमेहको व्यापकता १० प्रतिशतको हाराहारी रहेको जनाए पनि बढ्दो सहरीकरण, जिवनशैली परिवर्तन, शारीरिक सक्रियताको कमिले यसको स्तिथि अझ जटिल हुनसक्ने विज्ञहरु आँकलन गर्दछन। फिजियोथेरापी एक प्रमाणमा आधारित चिकीत्सा पद्दति हो। फिजियोथेरापीले मधुमेहको रोकथाम, उपचार र व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। मधुमेहको लागि फिजियोथेरापी भन्नाले ब्यायाम र सो सम्बन्धी शिक्षा, शारीरिक सक्रियता, विभिन्न किसिमका जोखिममा नियन्त्रण जस्तै ब्लड प्रेसर को नियन्त्रण आधि हुन सक्दछन् ।

**मधुमेह र ब्यायाम सम्बधी निम्न तथ्यहरु प्रमाणित छन् ।**

१. ब्यायाम मधुमेहको लागि एक महत्वपूर्ण उपचारात्मक पद्दति हो।
२. ब्यायामले मुटुको क्षमतामा बृद्धि गरी, मुटुतथा रक्तनली समबन्धी रोगको जोखिमलाई घटाउने काम गर्दछ ।
३. कुनै पनि किसिमको मधुमेहको बिरामीलाई ३०- ६० मिनेटको मध्यम तीब्रताको ब्यायाम गर्न सुझाब गरिन्छ।
४. अत्यन्त जटिल किसिमको रेटिना (आँखा) को रोग बाहेक हरेक किसिमक मधुमेहको बिरामीको लागि शक्ति विकास गर्ने कसरत गर्न सकिन्छ ।

**मधुमेह हुन नदिन के गर्ने?**

१. दैनिक रुपमा ब्यायाम गर्ने।
२. आफूलाई सकेसम्म सक्रिय राख्ने।
३. अफिसमा बसेर गर्ने काम भए समय-समयमा उठ्ने, २-४ पाइला हिड्ने जस्तै पानी लिन जाने, एक चक्कर लगाउने
४. खानपानमा विशेष ध्यान दिने।
५. सक्रिय रहन दौडने, साइकल चलाउने, पौडने, मर्निंग वाक गर्ने वा कुनै किसिमको कसरत गर्ने ।

**मधुमेह भइसकेका बिरामीले के गर्ने ?**

मधुमेह भैसकेपछि खानपान मा नियन्त्रण, चिकित्सकको सल्लाह बमोजिम औसधि सेवन गर्नुपर्दछ। यो बाहेक शारीरिक सक्रियता राख्न ब्यायाम गर्न पनि उत्तिकै आवश्यक छ।

मधुमेह भएपछि पनि माथि उल्लेख गरिएका सम्पूर्ण कसरत गर्न सकिन्छ तर कसरत गर्दा कुन कसरत कतिको तिब्रताका साथ गर्नुपर्दछ फिजियोथेरापिस्ट संग उचित परामर्श लिनु पर्दछ ।

(कंडेल वीर अस्पतालका फिजियोथेरापी यूनिट प्रमुख हुन्।) सौजन्य :स्वास्थ्य खबर

# साप्ताहिक श्राद्धकर्म मृत्यु भोज एक विवेचना



**राम नारायण प्रसाद मण्डल**
**भू.पु. जिल्ला शिक्षा अधिकारी**

श्रृष्टिको सन्तुलन, नियन्त्रण कायम राख्न मृत्यु एउटा आवश्यक प्रक्रिया हो ।

मरणोत्तर संस्कारलाई नै श्राद्ध कर्म भनिन्छ। जसको उद्देश्य हो (१) दिवंगत जीवलाई आफ्नो कुटुम्ब परिवारको मोह, ममताबाट छुटकारा दिलाउनु-ममता मुक्ति (२) पितृ ऋण मुक्ति (३) शोक-सन्तापको विदाई (४) सूक्ष्य शरीरमा, विचारणा, चेतना-भावनाको संचार (५) सूक्ष्म शरीरलाई शुभकर्मबाट उत्पन्न सुगन्धानुभूति प्राप्ति आदि ।

मानिसको मृत्यु पश्चात, मृत शरीरलाई विधिवत अन्त्येष्टि संसकारको माध्यमबाट अग्नि यज्ञमा होमिन्छ । अस्थि विर्सजन पश्चात श्राद्ध कर्म प्रारम्भ हुन्छ। चित्ता शान्त भएको चौथो दिन अस्थि अवशेष एकत्रित गरी कलशमा राखिन्छ र त्यसलाई रातो बस्त्रले बेरि सुरक्षित गरिन्छ । अस्थि कलशलाई नदी, तलाव, पवित्र जल वा गंगा नदीमा प्रवाहित गर्ने चलन छ ।

अस्थि अवशेष एकत्रित भएकै दिन, मलामीमा सम्मिलित शुभेच्छुक, सगा सम्बन्धित, मित्र बन्धु आदि सम्पूर्ण पुरुषवर्गले क्षौर कर्म (कपाल कटाउने) गर्छन। तेस्को दोश्रो दिन अर्थात पाँचौ दिन मरणोत्तर संस्कारलाई श्राद्धकर्म, यमदेव पूजन, पितृपूजन, तर्पण, व्रह्मयज्ञ, पिण्डदान, पंचबलि आदि सम्पूर्ण कर्मकाण्ड सम्पन्न गरि विसर्जन गर्न सकि हालिन्छ। तेश्रो दिन अर्थात छैठौ दिन पितृपक्ष र साँतौ दिन शुद्धि दिवश मनाउन सकि हाल्छ।

१३ दिन, १२ दिन, १० दिनको समयावधिलाई साप्ताहिक श्राद्धद्वारा सन्क्षेपिकरण गरि समयलाई बचन गर्न सकि हालिन्छ। आखिर १३, १२, १० दिनमा पनि उही कर्मकाण्ड सम्पन्न गरिन्छ जुन साप्ताहिक श्राद्धमाा गरिने हो । श्राद्धका मूल कर्म यति नै हुन् । आजको अतिव्यस्त समयमा समयको महत्वलाई नकारन्न सकिदैन । मानिसलाई एकक्षिण पनि फुर्सत छैन । दौडादौडको यस व्यस्त जीवनमा सात दिनको श्राद्ध कर्ममा बचत गरिनु कतिको ठूलो उपलब्धि मान्न सकिन्छ ? समय छोट्याउनु बुद्धिमानी हुन्छ।

श्राद्ध कर्ममा, यमदेवता, पितृ आवाहन ...... आदि कर्म मात्र सम्पन्न हुने हो। तेसको लागि यति विधि फजुल समय खर्चिनु जायज र बुद्धिमानी पनि होइन। आखिर गर्नुत श्राद्ध नै हो।

इतिहासको काल खण्डमा झाँकने हो भने पाउनुहुन्छ, पिता पूर्खाले मासिक श्राद्ध कर्मलाई छोट्याई आजको १३ दिवसीय अवस्थामा ल्याई पुर्याएका छन् । समय, परिस्थिति, विज्ञान, प्रविधिको विकास र युग परिवर्तनको साथै यी मान्यताहरुमा पनि बदलाव आउनु स्वभाविक र प्राकृतिक नै हो । तेस उसले यस परिवर्तनलाई आत्मसाथ गरी शुभारम्भ गर्नाले कोटि कोटि हाम्रा हिन्दू दाजुभाईका समय र अर्थको बचत हुनेमा कुनै शंका छैन ।

दोश्रो कुरा श्राद्धको शोकाकुल वातावरणमा भोज-भतेर, दावत आदिमा लाखौं रुपैयाँको अपव्यय गर्नु कतिको उचित कदम हो ? हाम्रा ऋषि मुनिले यस्ता शोकाकुल दुःख, पीडाको अवस्थामा भोज, दावतको पद्धतिलाई कहिले पनि स्वीकार गरेको छैन होला । मृतकको सद् गति होस्। यसमा द्विमत छैन। मृतको आत्मालाई शान्ति, सदगति मिलोस मान्यतालाई नकारन्न सकिदैन। अवश्य चरितार्थ होस् ।

एकातिर शोक, पीडा, घर देखि अस्पताल, डाक्टर, दवाकाो लाखौं रुपैयाँको वीलहरु र अर्को तिर भोज । यस हृदय विदारक प्रथाले मानव जाति माथि घोर कलंक लागेको छ। यस्ता शर्मनाक कार्यले हाम्रा आउने पुस्ता कहिले पनि आफ्ना शिर उभो गर्न पाउँदैन । समय परिवर्तनको साथसाथ हामी पनि परिवर्तित होऔं ।

इशाई, इश्लाम, बौद्ध र संसारका अन्य अरु अरु धर्म जातिलाई नियालेर हेरौं, मृत्यु मृत्यु पछिको दावत, भोजको कतै पनि प्रष्ट चर्चा छैन । यस्ता सामाजिक विकृतिलाई समयको साथै पलायन हुन दिनु पर्छ । दिवंगत पुरुषको नामबाट अन्य दान, धर्म आदिकाो कामहरु गर्न प्रशस्त अवसर त छदैन। वहाँले अधुरा छाडेका कामकाज पुरा गरे पनि हुन्छ। ॐ शान्ति ।

# देशको समृद्धिका लागि गठबन्धनको निरन्तरता आवश्यक छ- अध्यक्ष ठाकुर

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएसँगै मुलुक अब नयाँ सरकारप्राप्तिको उन्मुखमा छ। देशका प्रमुख राजनीतिक शक्ति सरकार गठनका लागि अङ्क गणितीय जोड घटाउ गर्दै गम्भीर वार्ता र संवादमा व्यस्त रहँदै आउनुभएको छ। यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ र समानुपातिक निर्वाचन प्रणालीबाट सात राजनीतिक दलको प्रतिनिधित्व भएको छ। मुलुकले अपनाएको मिश्रित निर्वाचन प्रणालीअनुरुप मतदाताले पुनःमिलेर सरकार चलाउन राजनीतिक दललाई निर्वाचनमार्फत सन्देश दिएका छन्। यसै सन्दर्भमा निर्वाचनको नतिजा, नयाँ राजनीतिक परिस्थिति, सरकार गठनलगायतका विकास र समृद्धिका विषयमा गरिएको कुराकानीमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर भन्नुहुन्छ, "मुलुकलाई विकास र समृद्धितर्फ अघि बढाउन वर्तमान गठबन्धनलाई नै निरन्तरता दिनुपर्छ।" मुलुकमा लोकतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा प्रजातान्त्रिक खेमामा रही छ दशकदेखि निरन्तररुपमा सक्रिय रहँदै आउनुभएका महन्थ ठाकुर बौद्धिक एवं परिपक्क राजनीतिज्ञका रुपमा परिचित हुनुहुन्छ। पछिल्लो दशक मधेस र मधेसीको हकहितमा क्रियाशील लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष ठाकुरसँग प्रतिनिधिसभाको उपसभामुख र ज्येष्ठ सदस्य भएर सम्पूर्ण सांसदलाई शपथ खुवाइ सदन सञ्चालन गरेको अनुभव पनि छ।

नेपाली कांग्रेसबाट २०१६ सालमा राजनीतिक यात्रा आरम्भ गर्नुभएका ठाकुरले सोही दलको कोषाध्यक्षसम्मको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नुभयो। विसं २०४८ देखि २०५१ सम्म उपसभामुख, २०६३ सालको अन्तरिम सरकारमा वातावरण तथा विज्ञान प्रविधिमन्त्री रहनुभएका ठाकुर यसपटक आफनो गृहजिल्ला महोत्तरी-३ बाट १६ हजार तीन सय ७५ मत पाएर प्रतिनिधिसभामा निर्वाचित हुनुभएको छ। शिक्षण र वकालतको अनुभव, निष्ठाको राजनीतिको पर्याय र समानताको पक्षधरको परिचय बनाउनुभएका अध्यक्ष ठाकुरसँग गरिएको कुराकानीको सम्पादित अंश :



**प्र. भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई यहाँले कसरी लिनुभएको छ ?**

- निर्वाचन कठिन सङ्घर्ष थियो। कांग्रेससहितको पाँच दलीय र एमाले सम्बद्ध गठबन्धन प्रतिस्पर्धामा थिए। समग्रमा अधिकांश ठाउँमा शान्तिपूर्ण निर्वाचन भयो। निर्वाचन क्षेत्रमै यसपटक मतगणना पनि सम्पन्न भयो। कतै कुनै गडबडी भएन। परिणामका हिसाबले कतिपय स्थानमा केही नतिजा अप्रत्यासित आउन सक्छ भन्ने हामीलाई सुरुमै लागेकै थियो। एउटा चुनावी नारा पनि थियो "पुराना होइन : नयाँ भन्ने"। चुनावका क्रममा जातिपातिका आधारमा पनि भोट माग्ने काम हुन्छ तर जनता कस्ता उम्मेदवारलाई मत दिनुपर्छ भन्ने सचेत र जानकार भइसकेका छन्। राम्ररी सोच विचार गरेर मात्र मतदान गर्छन्।

**प्र. अध्यक्षज्यू चुनाव प्रचारप्रसारमा जाँदा दलका चुनावी घोषणापत्र र जनताका मागबीच तालमेल पाउनुभयो त ?**

- तालमेल त भइहाल्छ। सबैको चाहिँ हुन्न। समग्रमा विकास त भएको छ तर हाम्रा लागि के भन्ने मधेसका मतदाताको प्रश्न छ। मधेसमा थुप्रै बस्ती र खेतीयोग्य जमिन नदी किनारमा छ तर सिँचाइको कमी छ। समयमा पानी नपर्दा कतिपय ठाउँमा सुक्खा छ। त्यहाँ प्रभावकारी सिँचाइको आवश्यकता छ। सुरुका दिनका डिप-बोरिङ र हुलाकी सडकको माग रहेकामा अहिले ती काम पूरा हुँदै गएका छन्। विश्वविद्यालय स्थापनाको विषय बजेट भाषणमा आए पनि नक्सामा मात्र सीमित छ। संसदीय विकास कोषबाट मधेसका धेरै बस्तीमा घर बनेको प्रष्ट देखिन्छ। मुस्लिम समुदायबाट मदरसा र मस्जिद तथा दलित समुदायका लागि विद्यालय र सामुदायिक भवनको मुख्य माग छ। गाउँगाउँमा पक्की सडकको विस्तार भएसँगै गाउँको नक्सा बदलिएको छ। तर सरकार पुनःअस्थिर भयो भने अरु केही चुनौती भने पक्कै आउन सक्छ।

**प्र. कानुन तर्जुमा र विधि बनाउन चुनिएका जनप्रतिनिधिले विकासे कुरा गर्न मिल्छ र ! यहाँको प्रमुख जिम्मेवारी त कानुन र विधि निर्माण गर्ने हो नि ?**

- राज्यको कानुन निर्माणसँगै जनताका समस्या, पिरमर्का र आवश्यकताका आवाज सुन्नु पनि जनप्रतिनिधिको मुख्य दायित्व हुन्छ। घरदैलोमा भोट माग्न जाँदा सडक, खानेपानी, सिँचाइको समस्या छ भन्ने माग जनताको छ। सांसदको काम प्रमुखरुपमा कानुन निर्माणको जिम्मेवारी हो तर आवाजविहीनको आवाज मुखरित गर्ने पनि त जनप्रतिनिधिको मुख्य कर्तव्य हुन्छ। कानुन निर्माण गर्ने भूमिका भए पनि जनताको विकास निर्माणसम्बन्धी चाहनालाई तालमेल गरेर जानुपर्छ। विद्यालय भवन निर्माण, पोखरी सरसफाइ र संरक्षण सरकारले गरिदिए हुन्थ्यो भन्ने उनीहरुको चाहना रहन्छ। सांसद भएपछि जनताका साना-मसिना माग र मुद्दालाई ध्यान दिनैपर्छ, नत्र मत माग्न जाँदा किन आउनुभएको, हाम्रा काम भएनन् भनेर गुनासो गर्छन्। त्यसैले हामी जनप्रतिनिधिले आमजनताका माग र मुद्दा समाधानका लागि पहलक दमी लिनुपर्छ, लिन्छौँ।

**प्र. सङ्घीयता अभ्यास भएको पाँच वर्ष पूरा भएको छ, तीन तहका सरकारबीचको समन्वय कस्तो पाउनुभएको छ ?**

- तीन तहमै निर्वाचित सरकार त भएको छ तर प्रदेश र स्थानीय तहले अधिकार पाएका छैनन्। उसका आफ्ना कर्मचारी छैनन्। आन्तरिक सुरक्षाका रुपमा रहने पुलिस फोर्स केन्द्रकै हातमा छ। त्यसले गर्दा पनि असर भएको छ। हामी कहाँ एउटा संसदीय प्रणाली छ भने अर्को प्रत्यक्ष जनताबाट निर्वाचित स्थानीय सरकार छ। उसको आफ्नो कर्मचारी हुनुपर्ने हो त्यो छैन। जुन कर्मचारी जहाँबाट आएको छ त्यो उसैप्रति उत्तरदायी हुन्छ। समन्वय हुन्न। यहाँ यस्तै समस्या देखिएको छ।

**प्र. मधेश आन्दोलन मुलुकको शासकीयस्वरूप परिवर्तन र सङ्घीयता कार्यान्वयनका लागि ठूलो योगदान छ। निर्वाचनको नतिजाले मधेसवादी दलले उठाउँदै आएका ती एजेण्डलाई ओझेलमा पारेको सङ्केत गरेको छ, यसलाई यहाँले कसरी लिनुभएको छ ?**

- तपाईंहरुले यसरी कुरा उठाइरहँदा हामीलाई असाध्यै पीडा हुन्छ। हामी जति बिर्सन खोज्छौँ सक्दैनौँ। मुलुकमा धेरै आन्दोलन भए, अहिले पनि सङ्क्रमणकाल चलिरहेको छ। परिवर्तन त हुँदै जाला तर, कतिपयले सबैथोक गुमाइसके। अहिले पनि थरुहट आन्दोलनकारी जेलमा छन्, तारिख खेपिरहेका छन्। त्यो घटना अन्याय मात्रै हैन, अत्याचार थियो। तपाइँले कुरा उठाउनुभयो मेरो आँखा वरिपरि त्यो घटना झल्किरहेको छ। केही पीडितलाई पार्टीकोतर्फबाट राहत दिउँ भनेर गयौँ तर उनीहरु मेरो छोरा ल्याइदेउ, राहत चाहिँदैन भन्छन्। हामीलाई कति पीडा होला भनिसाध्य छैन। मधेसी र थरुहट मुद्दाका पीडितले अझै न्याय पाउन सकेका छैनन्। राज्यबाट पीडितको जीवनयापनको व्यवस्था भइदिएहुन्थ्यो, धेरैपटक निर्णय भयो तर कार्यान्वनयन भएन।

**प्र. पछिल्लो निर्वाचनको परिणामले ती मुद्दा उठाउने पक्षलाई नै मतले अलि साँघुरो बनाएको देखिन्छ, यहाँले कसरी हेर्नुभएको छ ?**

- हामीले साथीहरुलाई जेलबाट छुटाउन सकेनौँ। निर्वाचनको समयमा अरुले त्यो गर्दिन्छु भनेका छन्, अहिले सरकार पनि लागिरहेको छ। साथीहरुलाई जेलबाट जसले पहल गरेर छुटाउन सक्छ। छुटाउनुपर्छ। जसका लागि हामीले पनि पहल गरिरहेकै छौँ।

**प्र. तपाइँहरू तराई-मधेशमा आन्दोलनबाट स्थापित शीर्ष नेताहरू हुनुहुन्छ। पछिल्ला निर्वाचनमा तुलनात्मकरूपमा योगदान कम रहेका पक्षतर्फ मतपरिणाम गएजस्तो अनुभूति भएको छैन् ?**

- मधेश आन्दोलन र मधेसका मुद्दा उठाए पनि यिनीहरुले गर्न सकेनन् भनेर जनमत पार्टीको पक्षमा मत जाहेर गरेको अवस्था छ। उहाँहरुले गर्न सक्नुहुन्छ कि हुन्न त्यो त हेर्न बाँकी छ। हामीले समावेशीताको नारा लियौँ, पहिचानका आधारमा भेदभाव नगर भन्छौँ, उल्टै हामीलाई विखण्डनवादीको आरोप लाग्छ। हाम्रो भाषा, संस्कृति, खानपान रहनसहनमा विविधता छ। विभिन्न छौँ तर हामी एकसाथ छौँ। राज्यशक्तिमा समान पहुँच छैन। न्यायोचित वितरण हुनुपऱ्यो भन्ने हाम्रो माग छ। त्यसमा अहिलेसम्म राज्यले हाम्रो भावना बुझ्न सकेको छैन। जो प्रधानमन्त्री हुन्छ हामी माग लिएर जान्थ्यौँ। नागरिकताको विषय राष्ट्रपतिजीले बुझ्नुभएन। अहिले पनि संविधानमा महिला र पुरुषको बराबरी अधिकार छैन।

**प्र. निर्वाचनमा यहाँको पार्टी जुन खेमामा उभियो, अबको यात्राको निरन्तरता पनि यतैतर्फ रहन्छ ? राजनीतिक स्थिरता र बाह्य शक्तिको चलखेललाई यहाँले कसरी लिनुहुन्छ ?**

- मुलुक कुनै पनि गठबन्धन वा सरकार सबैमा राजनीतिक स्थिरता देख्न चाहन्छौँ। जबसम्म राजनीतिक स्थिरता आउदैन तबसम्म विकास निर्माणले गतिलिन सक्दैन। पूर्वाधारलगायतका काम समयमा हुँदैन। त्यसको मार आमजनता प्रत्यक्ष पर्छ। जनताले चाहेका सडक, सिँचाइ, खानेपानी समयमा सहज ढङ्गबाट काम हुनुपर्छ। अनि मात्र समय र पैसाको बचत हुन्छ। त्यसैले मुलुकमा आर्थिक समृद्धिको गतिलाई द्रुतरुपमा अघि बढाउन गठबन्धनलाई निरन्तरता दिनुपर्छ। लामो समयदेखि पुलपुलेसा बनेको छैन। सडकको बेहाल छ, जति पनि सरकार बनेका छन् कुनैको बहुमत र स्थिर देखिएन। यसबाट विकासलाई अवरोध सिर्जना गरेको छ। विसं २०४६ पछिका कुनै पनि सरकार स्थिर भएन। हाम्रो राजनीतिक इतिहास पनि अस्थिर छ। शान्तिपूर्ण देखिदैन। धोकाधडी, षड्यन्त्र, आतङ्क आदिबाट प्रताडित भएको छ। भूराजनीतिक प्रभाव पनि उत्तिकै छ। त्यो राष्ट्रिय होस् या अन्तर्राष्ट्रिय। देशको प्रधानमन्त्री भएका जिम्मेवार नेतालेसमेत खुल्लमखुला बोलिरहनुभएको छ। बाह्यशक्तिको हात छ भनेर। तर कुन शक्ति हो भन्ने चाहिँ खुलाउन सक्नुभएको छैन। अहिले पश्चिमा शक्ति पनि सशक्त छ, अर्कातिर उत्तर- दक्षिणका शक्ति उत्तिकै छन्।

**प्र. सरकारले हालै अघि बढाएको अध्यादेशबारे तपाइँको दृष्टिकोण ?**

- जुन अध्यादेश अहिले चर्चामा छ, त्यो नसोध्नुस् पीडा हुन्छ हामीलाई।

**प्र. मुलुकको राजनीति कता जान्छ, जनतालाई सकारात्मक आशा सन्देश कसरी दिलाउनु हुन्छ ?**

- देशमा होस् वा विदेशमा नेपालीहरु निकै मेहनती छन्। काम र जिम्मेवारीप्रति पूर्ण इमान्दार छन्। कसैले पनि शङ्का गर्न सक्दैन। इमान्दारिताले गर्दा जहाँ गए पनि सम्मान पाउँछन्। भविष्य खराब छैन, उज्ज्वल नै देखापरेको छ। मुलुकको राजनीति पनि सही दिशामा जान्छ। यसमा कुनै सन्देह छैन।

**प्र. सरकारमा सामेल हुने वा नहुने यहाँको पार्टीको आगामी कार्यदिशाबारे केही प्रष्ट पारिदिनु हुन्छ कि ?**

- प्रधानमन्त्री जो बने पनि हाम्रा माग र मुद्दाबाट पछि हट्दैनौँ। देशको आधाभन्दा बढी जनसङ्ख्या मधेसमा छ, मधेस हाम्रो पहिचान हो। राजनीतिक दलले सत्तामा गएर जनताको सेवा गर्ने हो। हामी गैरसरकारी संस्था (एनजीओ) होइनौँ, कसैको एजेन्ट भएर पैसा ल्याएर काम गर्ने। दल भनेको जनताको सेवाका लागि स्थापित राजनीतिक सङ्गठन हो। यो सधैँ जनताप्रति उत्तरदायी हुन्छ। त्यसैले सरकारमा सामेल हुने नहुने कुरा समयले निर्धारण गर्छ।रासस

# कांग्रेस वरिष्ठ नेता पौडेललाई जापानको राजकीय सम्मान

काठमाण्डु। नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेललाई जापान सरकारले राजकीय सम्मानले विभूषित गरेको छ। सन् २०२० अप्रिल २९ मा घोषणा भएको उक्त सम्मान उहाँलाई विहीवार जापानी राजदूतको निवासमा विशेष कार्यक्रम गरी प्रदान गरिएको हो।

जापानी सम्राट मेइजीले सुरु गर्नुभएको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन' आज वरिष्ठ नेता पौडेलले ग्रहण गर्नुभयो। विश्वका विशिष्ट व्यक्तिहरूलाई प्रदान गरिने यो सबैभन्दा उच्च सम्मान वरिष्ठ नेता पौडेल र माइक्रोसफ्टका संस्थापक विल गेट्सलाई प्रदान गरिने घोषणा गरिएको थियो।

वरिष्ठनेतापौडेललाईविशेषतः पूर्वसभामुखको हैसियतमा दुई देशबीचका संसदीय सम्पर्कलाई सक्रिय बनाउन र त्यसपछि नेपाल-जापान सम्बन्ध सुदृढमा गर्नुभएको योगदानका लागि विभूषित गरिएको हो। वरिष्ठ नेता पौडेलले आफू सभामुख रहँदा सन् १९९९ मा नेपाल-जापानमैत्री संसदीय लिग स्थापना गर्नुका साथै त्यसको पहिलो अध्यक्षसमेत रहनुभएको थियो। उहाँ सन् २०१७ सम्म लिगको नेतृत्वमा रहनुका साथै द्विपक्षीय सम्बन्धको प्रवर्द्धनमा पनि सक्रियरूपमा संलग्न हुनुहुन्थ्यो।



विभूषितपछि वरिष्ठ नेता पौडेलले उच्च सम्मानका लागि जापानी सम्राट, सरकार र जनताप्रति कृतज्ञता व्यक्त गर्दै यसले आगामी दिनमा द्विपक्षीय सम्बन्ध थप प्रगाढ बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले जापानले नेपालको विकास निर्माण, कृषि, विपद् व्यवस्थापन, प्रविधि, लोकतन्त्र संस्थागतलगायत क्षेत्रमा गर्दै आएको सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमा थप निरन्तरताको अपेक्षा गर्नुभयो।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले वरिष्ठ नेता पौडेललाई उच्च सम्मान गरेकामा जापान सरकारलाई धन्यवाद दिँदै यसले आगामी दिनमा द्विपक्षीय सम्बन्ध अझ बलियो बनाउन योगदान पुग्ने बताउनुभयो।

वरिष्ठ नेता पौडेलले आफ्नो लामो राजनीतिक जीवनकालमा सांसद, मन्त्री, सभामुखलगायत हैसियतमा देशलाई गर्नुभएको योगदान स्मरण गर्दै मन्त्री कार्कीले उहाँले सभामुखका रूपमा सन् १९९९ मा जापान-नेपालमैत्री संसदीय लिगको स्थापना गरी निर्वाह गर्नुभएको महत्त्वपूर्ण भूमिकाले सरकार तहदेखि संसदीय तह र जनताको तहसम्म द्विपक्षीय सम्बन्ध विस्तार गर्न मद्दत पुगेको विश्वास व्यक्त गर्नुभयो।

साथै उहाँले सामाजिक, आर्थिक र पूर्वाधार क्षेत्रमा नेपाललाई निरन्तर सहयोग गरेकामा जापान सरकारप्रति आभार व्यक्त गर्नुभयो। कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू, कांग्रेसका नेता, सांसद, पूर्वमन्त्री, पूर्वमुख्यमन्त्रीलगायत विशिष्ट व्यक्ति उपस्थित हुनुहुन्थ्यो।रासस

# संसद्मा अपाङ्गता भएका व्यक्तिको सङ्ख्या न्यून

काठमाण्डु। मुलुकका लागि कानुन निर्माण गर्ने संसदमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्वका विषयमा प्रमुख राजनीतिक दल नै सकारात्मक हुन नसकेको देखिएको छ। हाल देशका सङ्घीय तथा प्रादेशिक विधायिकामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको सङ्ख्या हेर्दा यस्तो अवस्था देखिएको हो।

विसं २०६८ सालको जनगणनाअनुसार मुलुकमा एक दशमलव ९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिछन्। तर सङ्घीय संसदका दुवै सदनमा ३३४ र सात प्रदेशसभामा ५५० गरी कुल ८८४ जना सांसदमध्ये अपाङ्गता भएका व्यक्तिको सङ्ख्या भने जम्मा तीनमात्रै छ। जुन ज्यादै न्यून भएको नेपाल अपाङ्गता महिला सङ्घका अध्यक्ष टीका दाहालको भनाइ छ।

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभामानेकपा (एमाले)बाट समानुपातिक निर्वाचनप्रणालीबाट कालुराम राई हुनुहुन्छ भने राष्ट्रियसभामा प्रकाश पन्तहुनुहुन्छ। साथै प्रदेशसभामा बागमती प्रदेशमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लक्ष्मी घिमिरेले प्रतिनिधित्व गरिरहनुभएको छ। घिमिरे पनि समानुपातिकमा निर्वाचन प्रणालीमार्फत् निर्वाचित हुनुभएको हो।

"अपाङ्गता भएका व्यक्तिलाई प्रत्यक्षतर्फ टिकट दिने विषयम राजनीतिक दल कठोर देखिए भने आरक्षणमा सूचीमा खस-आर्य, आदिवासी/जनजाती, मधेशी, दलित, थारु र मुस्लिम समुदायको प्रतिनिधित्व भए पनि अपाङ्गता भएका व्यक्तिलाई समावेश गरिएको छैन", अध्यक्ष दाहालले भन्नुभयो। संविधान संशोधन गरेर भए पनि अपाङ्गता भएका व्यक्तिको संसद्मा अनिवार्य उपस्थितिको सुनिश्चितता किटान नै गर्नुपर्ने उहाँको भनाइ छ।रासस


**जनकपुरधाम उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## करारमा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०७९/८/२९ गते**


जनकपुरधाम उपमहानगरपालिकालाई तपसिलमा उल्लेखित पदहरुको सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन पेश गर्न हुन् आह्वान गरिएको छ।

**तपसिलः**

| क्र.स. | विज्ञापन नम्बर | पदको नाम | तह/श्रेणी | पद संख्या | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०७९/०८० | सिभिल ईन्जिनियर | छैठौं तह | १(एक) जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्जिनियरिंगको सम्बन्धित विषयमा स्नातक वा सो सरह उतिर्ण गरि नेपाल ईन्जीनियरिंग परिषदमा दर्ता भएको। | |
| २. | ०२/२०७९/०८० | सव ईन्जिनियर (मेकेनिकल) | पाँचौं तह | १(एक)जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्जिनियरिंग सम्बन्धित विषयमा प्रविणता प्रमाण-पत्र तह उतिर्ण गरेको। | |
| ३. | ०३/२०७९/०८० | सहायक कम्पुटर अपरेटर | चौथो | ३५ (पैंतीस) जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई वा सो सरह उतिर्ण गरि कम्तीमा ६ महिनाको कम्प्यूटर तालिम प्राप्त गरेको तथा नेपाली र अंग्रेजीमा दक्षता पुर्वक टाईप गर्न सक्ने। | |
| ४. | ०४/२०७९/०८० | हेभी सवारी चालक | श्रेणी विहिन | ९ (नौ) जना | हेभी चालक अनुमती पत्र प्राप्त गरि सामान्य लेख पढ गर्न सक्ने | |
| ५. | ०५/२०७९/०८० | हलुका सवारी चालक | श्रेणी विहिन | २० (वीस) जना | चालक अनुमती पत्र प्राप्त गरि सामान्य लेख पढ गर्न सक्ने | |
| ६. | ०६/२०७९/०८० | बुमर अपरेटर ड्राईभर | श्रेणी विहिन | १ (एक) जना | हेभी चालक अनुमती पत्र प्राप्त गरि सामान्य लेख पढ गर्न सक्ने | |
| ७. | ०७/२०७९/०८० | फायर मैन सिपाही | श्रेणी विहिन | १० (दश) जना | कम्तिमा ८ कक्षा उतिर्ण गरेको | |
| ८. | ०८/२०७९/०८० | नगर प्रहरी | श्रेणी विहिन | १० (दश) जना | कम्तिमा ८ कक्षा उतिर्ण गरेको | |
| ९. | ०९/२०७९/०८० | चौकीदार | श्रेणी विहिन | २ (दुई) जना | कम्तिमा ८ कक्षा उतिर्ण गरेको | |
| १०. | १०/२०७९/०८० | माली | श्रेणी विहिन | १ (एक) जना | सम्बन्धित विषयमा काम गरेको र सामान्य लेख पढ गर्न सक्ने | |
| ११. | ११/२०७९/०८० | कुचिकार | श्रेणी विहिन | ५० (पचास) जना | सामान्य लेख पढ गर्न सक्ने | |
| १२. | १२/२०७९/०८० | ईलेक्ट्रीसियन | श्रेणी विहिन | ३ (तीन) जना | सम्बन्धित विषयको तालिम लिई सामान्य लेख पढ गर्न सक्ने | |

**विस्तृत जानकारी तथा सेवा शर्तका लागि :-** जनकपुरधाम उपमहानगरपालिकाको सूचना पाटी तथा Website: janakpurmun.gov.np मा हेर्नुहोला र दरखास्त फाराम Website बाट डाउनलोड गर्नु हुन् जानकारी गराईन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**



पूर्वी चीनको झेजियाङ प्रान्तको निङ्बो-झोउसान बन्दरगाहको मेइडोङ डकमा सवारी साधनहरू। सन् २०२२ को पहिलो ११ महिनामा निङ्बो-झोउसान बन्दरगाहको कार्गो र कन्टेनर थ्रुपुटले वार्षिक रूपमा क्रमशः ३.४१ प्रतिशत र ७.८४ प्रतिशतले वृद्धि गरेको छ। *तस्विर : सिन्ह्वा*

# विहारमा विषाक्त मदिरा सेवनबाट बाइस जनाको मृत्यु

**एपी**

पटना। विहार राज्यको सारण जिल्लाका तीन वटा गाउँमा विषाक्त मदिरा सेवनबाट २२ जनाको मृत्यु भएको छ भने अन्य २० जनालाई गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएको छ।

राज्यमा मदिरा उत्पादन, बिक्री र उपभोगमा प्रतिबन्ध लगाइएको भए पनि राज्य सरकारको अनुमति नलिइ स्थानीय तहमा उत्पादन एवम् बिक्री गरिएको मदिरा पिएपछि उनीहरूको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन्।




महिला समूहहरूले मदिरा उत्पादन तथा बिक्रीवितरणविरुद्ध अभियान चलाएपछि विहार राज्यमा सन् २०१६ मा मदिराको बिक्री र उपभोगमा प्रतिबन्ध लगाइएको थियो। प्रहरीका अनुसार अस्पताल भर्ना भएका २० मध्ये धेरैले आँखाको ज्योति गुमाएका छन्। गैरकानुनीरूपमा मदिरा बिक्री गरेको आरोपमा तीन जनालाई नियन्त्रणमा लिइएको छ। सारण जिल्ला राज्यको राजधानी पटनाबाट करिब ६० किलोमिटर उत्तरमा अवस्थित छ।

अवैधरूपमा बनाइएको मदिरा सेवनबाट हुने मृत्युलाई भारतमा सामान्य मानिन्छ। अवैधरूपमा उत्पादन हुने मदिरालाई कडा बनाउन कीटनाशकलायत रसायन प्रयोग गरिन्छ। यसरी उत्पादित मादक पदार्थ कम मूल्यमा बिक्री हुने गरेको छ। कर छलेर अवैध तरिकाले उत्पादन गर्ने यो व्यवसाय लाभदायक उद्योग भएको छ।

यो वर्षको प्रारम्भमा विषाक्त मदिरा पिउँदा पश्चिम भारतको गुजरात राज्यमा कम्तीमा २८ जनाको मृत्यु भएको थियोभने ६० जना बिरामी भएका थिए। गुजरातमा पनि मदिरा उत्पादन, बिक्री र उपभोगमा प्रतिबन्ध लगाइएको छ। सन् २०२० मा भारतको उत्तरी पञ्जाब राज्यमा पनि विषाक्त मदिरा पिएर एक सय २० जनाले ज्यान गुमाएका थिए।

# राष्ट्रसङ्घमा म्यान्माको प्रतिनिधित्व रोकिदै

**एपी**

संयुक्त राष्ट्रसङ्घ। संयुक्त राष्ट्रसङ्घमा म्यान्माको प्रतिनिधित्व रोकिने प्रायःपक्का भएको छ। राष्ट्रसङ्घीय मानवाधिकार परिषद्मा उसको प्रतिनिधित्व रोकिने राष्ट्रसङ्घका दुई जना कूटनीतिज्ञले बताएका छन्।

महासभाको प्रमाण समितिले म्यान्मा सरकारको अनुरोधमा म्यान्मामाथिको कारबाही स्थगन गरेपनि परिषद्को सदस्य बन्ने सम्भावन न्यून रहेको ती कूटनीतिज्ञहरूले नाम सार्वजनिक नगर्ने शर्तमा बताएका छन्। उनीहरूका अनुसार सम्भवतः यसै साताको अन्त्यमा त्यसको औपचारिक घोषणा हुनेछ।

प्रमाण समितिको निर्णयले म्यान्माकी नेत्री आङ सान सुचीलाई पदच्युत गर्दा राष्ट्रसङ्घका लागि म्यान्माका राजदूत रहेका क्याव मो तुनको पद कायम रहनेछ। यद्यपि मानवाधिकार परिषद्मा म्यान्माको स्थान रिक्त रहने सम्भावना छ।

लन्डनस्थित म्यान्मा ' एकाउन्टेबिलिटी प्रजेक्ट'का निर्देशक क्रिस गनेसले प्रमाण समितिको कदमको स्वागत गर्दै अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने प्रयासमा रहेको म्यान्माका शासकलाई उक्त निर्णयको ठूलो कूटनीतिक र प्रतीकात्मक महत्व रहेको बताएका छन्।

निर्वाचित सरकारबाट सेनाले सत्ता कब्जा गरेपछि पक्राउ परेकी नेत्री सुचीलाई २६ वर्षको जेल सजाय सुनाइएको छ। उहाँमाथि अन्य अभियोग पनि लगाइएको छ। अधिकारवादी समूह र सुचीका समर्थकहरूले उहाँमाथि लगाइएका आरोप राजनीतिकरूपमा प्रेरित भएका र उहाँलाई बदनाम गर्न लगाइएका बताउँदै आएका छन्।

# इयु संसद् प्रमुखद्वारा 'व्यापक' सुधारको वाचा

**एएफपी**

ब्रसेल्स। युरोपेली संसद् सभामुख बिहीबारविश्वकपआयोजककतारसँग जोडिएको भ्रष्टाचार घोटालाको बीचमा व्यवस्थापिकालाई सुधार गर्न "व्यापक सुधार प्याकेज" घोषणा गरेकी छिन्।

संसद्की सभामुख रोबर्टा मेत्सोलाले यो योजनाले "संसद्को ह्विस्टल ब्लोअर सुरक्षा प्रणालीको सुदृढीकरण, सबै अनौपचारिक मित्रता समूहहरूमा प्रतिबन्ध लगाउने, आचार संहिता नियमहरूको समीक्षा लगायत विषय समावेश हुनेछन्।

हामी तेस्रो देशहरूसँग कसरी अन्तरक्रिया गर्छौं भनेर गहिराइमा हेर्नुहोस्।"

# अफ्रिकाको स्वास्थ्य क्षेत्रमा थप लगानी आवश्यक छ

**सिन्हवा**

किगाली। विश्वस्वास्थ्य सङ्गठनले अफ्रिकाको स्वास्थ्य क्षेत्रमा थप लगानी गर्नुपर्नेमा जोड दिएको छ। यहाँ सुरु भएको एक अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा आफ्रिका क्षेत्रका लागि विश्व स्वास्थ्य सङ्गठनका क्षेत्रीय निर्देशक मात्सिदिसो मोइतीले सो कुरा बताउनुभएको हो।

उहाँले भन्नुभयो- अफ्रिकाका देशहरुमा स्वास्थ्य क्षेत्रका पूर्वाधारका साथै अन्य आवश्यकताका विषयहरुको पूर्ति गर्न नसकिएकाले यहाँ यस क्षेत्रमा थप लगानीको आवश्यकता छ।रुवाण्डाको राजधानी किगालीमा आयोजना भएको जनस्वास्थ्यको अवस्था र यसको आवश्यकता सम्बन्धी एक अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटनका क्रममा सो कुरामा जोड दिइएको हो।

केही वर्षअघि इबोलाका साथै पछिल्ला दिनहरुमा कोभिड १९ को प्रकोपका कारण यहाँ स्वास्थ्यका क्षेत्रमा थप लगानी गर्न आवश्यक भएको क्षेत्रीय निर्देशक मोइतीले बताउनुभयो।

डिसेम्बर १३ देखि सुरु भएको सम्मेलनमा विषेशगरी अफ्रिकामा पछिल्लो समयमा जारी रहेको स्वास्थ्यको अवस्थाका बारेमा आवश्यक छलफल गरी आगामी दिनमा यसको निकासका लागि के गर्न सकिन्छ भन्ने बारेमा स्वास्थ्य क्षेत्रका विज्ञहरूले छलफल गर्नुहुने पनि बताइएको छ।

अफ्रिकी देशहरुको स्वास्थ्य क्षेत्रको लगानी कम रहेको तथा त्यहाँ स्वास्थ्यका क्षेत्रमा पूर्वाधारहरुको पनि कमी रहेकाले यसमा लगानीको आवश्यक भएको हो।

# ताइवानमा ६.२ म्यागिनच्युडको शक्तिशाली भूकम्प



**एएफपी**

ताइपेई। ताइवानको पूर्वी तटमा बिहीबार ६।२ म्याग्निच्युडको भूकम्प गएको र त्यसपछि धेरै हल्का पराकम्पनहरू गएको टापुको मौसम विभागले जनाएको छ। बिहीबार मध्याह्नमा ह्वालियन काउन्टीको तटबाट झण्डै ३० किलोमिटर टाढा छ किलोमिटर गहिराइमा केन्द्रविन्दु रहेको जनाइएको छ।

अमेरिकी भौगर्भिक सर्वेक्षणले संस्थाले यो भूकम्प ५।९ म्याग्निच्युडको भएको र १२ किलोमिटर गहिराइमा रहेको जनाइएको छ। क्षति वा हताहतको तत्काल कुनै समाचार प्राप्त भएको छैन्।

"ताइवानमा भूकम्पको धक्का धेरै कम महशुस गरिएको मौसम विभागको भूकम्प विज्ञान केन्द्रका प्रमुख चेन कुओ-चाङले पत्रकारहरूलाई जानकारी दिनु भएको छ।

अहिलेसम्म आठ वटा पराकम्पन गएको छ र हामीले आगामी तीन दिनमा थप परकम्प आउने अनुमान गरेका छौ ताइपेईमा चाङले बताउनु भएको छ। ताइवानको सबवे र रेलवे अधिकारीहरूले दुबै रेलहरू कम गतिमा चलिरहेको तर सेवाहरू रोकिएको छैन। दुई टेक्टोनिक प्लेटको जंक्शननजिकै रहेको टापुको कारण ताइवानमा नियमित भूकम्प जान्छ।

कतिपय ६।० म्याग्निच्युडको वा सोभन्दा बढीको भूकम्प घातक साबित हुन सक्छ, यद्यपि धेरै भूकम्प कहाँ र कति गहिराइमा आउँछ भन्ने कुरामा भर पर्छ। गत सेप्टेम्बरमा ताइवानको पूर्वी तटमा ६।९ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो। यसमा परी एक व्यक्तिको ज्यान गएको र केही भवनहरु ढलेका थिए।

## विश्वकप फुटबल प्रतियोगिता

# उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने

काठमाण्डु। विश्वकप फुटबल प्रतियोगिताको उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने भएका छन्। गए राति भएको सेमिफाइनलमा मोरक्कोलाई पराजित गरेपछि फ्रान्सले अर्जेन्टिनासितको उपाधि भिडन्त पक्का गरेको हो।

कतारको दोहास्थित अल बायत रङ्गशालामा भएको दोस्रो सेमिफाइनल खेलमा फ्रान्सले मोरक्कोलाई २-० गोलअन्तरले हराएको हो। फ्रान्सले खेलको पहिलो हाफमा एक गोल गर्‍यो भने दोस्रो हाफमा थप एक गोल गर्दै फाइनलका लागि स्थान सुरक्षित गरेको हो।

फ्रान्सका लागि थिओ हर्नान्डेज र रान्दल कोलो मुवानीले गोल गरेका थिए। हर्नान्डेजले खेलको पाँचौं मिनेटमा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए। उनले पेनाल्टी क्षेत्रभित्र रिबाउन्डबाट आएको बलको सदुपयोग गर्दै गोल गरेका थिए।

त्यस्तै खेलको ७९औं मिनेटमा सब्सिच्युड खेलाडीको रुपमा मैदान प्रवेश गरेका मुवानीले गोल गर्दै फ्रान्सलाई २-० को जित दिलाए। उनले बेन्चबाट मैदान छिरेको एक मिनेट नबित्दै गोल गरेका थिए। उनी ओसुमाने डेम्बेलेको स्थानमा मैदान प्रवेश गरेका थिए।

यसअघि फ्रान्स क्वाटरफाइनलमा इङ्गल्यान्डलाई २-१ गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो। त्यस्तै पहिलोपटक सेमिफाइनलमा पुगेको अफ्रिकी राष्ट्र मोरक्कोले क्वाटरफाइनलमा पोर्चुगललाई १-० गोलले हराएको थियो। यसअघि अर्जेन्टिनाले सेमिफाइनलमा क्रोएसियालाई ३-० गोलअन्तरले हराएर फाइनल यात्रा तय गरेको हो। फाइनल खेल आइतबार हुनेछ।रासस

# विश्वकप फाइनलमा फ्रान्सको प्रवेशसँगै देशभर हर्षोल्लास, मोरक्कोको प्रशंसा

**एपी**

प्यारिस। कतारमा जारी अन्तर र्ष्ट्रिय फुटबल महासङ्घ (फिफा) विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा फ्रान्सेली टोली प्रवेश गरेसँगै राजधानी प्यारिसलगायत देशका विभिन्न शहरमा खुसीयाली मनाइएको छ। खेल समर्थक फ्रान्सेलीले पराजित मोरक्को टोलीको उत्कृष्ट प्रदर्शनको प्रशंसा पनि गरेका छन्।

बुधवार भएको खेलमा २-० गोलले मोरक्कोलाई पराजित गर्दै फ्रान्स विश्वकपको फाइनलमा प्रवेश गरेको हो। अफ्रिकी देश मोरक्कोको अभूतपूर्व उपलब्धिको उनीहरूले सराहना गरेका छन्।

विश्वकपको इतिहासमा पहिलोपटक अफ्रिकी मुलुक मोरक्को सेमिफाइनलमा पुगेर फ्रान्ससँग आमनेसमाने भएकामा उनीहरू हर्षित थिए।

"फ्रान्ससँग पराजित भए पनि मोरक्कन फाइनलमा हामीसँगै हुनेछन्, यो जित सबै फ्रान्सेली भाषीको हो,' मध्यप्यारिसको बास्टिल स्क्वायर नजिक विजय उत्सवमा सहभागी २२ वर्षीय एड्रिन भिग्नाउले 'डिफेन्डिङ च्याम्पियन' क्रोएसियालाई हराएर सेमिफाइनलमा मोरक्को पुग्नु ठूलो उपलब्धि भएको उल्लेख गर्दै भने। मोरक्कन टोलीको आँसु उनीहरूको उत्कृष्ट प्रदर्शनले पुछेको उनले बताए।

फ्रान्स र अर्जेन्टिनाबीचको फाइन खेलको व्यग्र प्रतीक्षामा आफू रहेको बताउँदै उनले अर्जेन्टिनी 'स्टार' खेलाडी लियोनल मेस्सीको प्रहार र प्रस्तुति पनि रोचक हुनेमा आफू ढुक्क रहेको जनाए। प्रतिद्वन्द्वी भएपनि उनको प्रहार गर्ने शैली आकर्षक रहेको उनले बताए।

# विश्वकप सेमिफाइनलपछि छचल्किएको हकिमी र एम्बाप्पेको दोस्ती

**टुडे समाचारदाता**

काठमाण्डु। गत मेमा फ्रान्सको लिग १ क्लब पेरिस सेन्ट जर्मन (पिएसजी) का खेलाडीहरू कतार भ्रमणमा आएका थिए। कतारी कम्पनीको स्वामित्वमा रहेको पिएसजीका खेलाडीहरूलाई फिफा विश्वकप २०२२ सुरू हुनु केही महिनाअघि कतार घुमाइएको थियो।



उक्त भ्रमणमा आएका थिए फ्रान्सका स्टार फरवार्डसमेत रहेका पिएसजीका खेलाडी किलियन एम्बाप्पे, सोही टोलीमा थिए मोरक्कोका राइट ब्याक असरफ हकिमी। हकिमी डेढ वर्षअघि इटालियन क्लब इन्टरमिलानबाट पिएसजी गएका हुन्। पाँच वर्षदेखि पिएसजीमै रहेका एम्बाप्पे र हकिमीको दोस्ती छिट्टै गहिरियो।

कतार भ्रमणमा आउने बेला उनीहरू दुबै जनाले आ-आफ्नो देशबाट विश्वकप खेल्ने पक्का भइसकेको थियो। विश्वकपका लागि कतारमा बनेका रंगशालाको भ्रमण गर्दा एम्बाप्पे र हकिमीबीच मजाकसमेत चलेको थियो।

एम्बाप्पेले मजाक गर्दै विश्वकपमा फ्रान्स र मोरक्को भिड्ने र त्यो खेलमा आफूले साथी हकिमीलाई बर्बाद पारिदिने भविष्यवाणी गरेका थिए। नभन्दै नकआउट चरणमा एकचोटी मात्र प्रवेश गरेको मोरक्कोको भीडन्त सेमिफाइनलमा विश्व च्याम्पियन फ्रान्ससँग हुने भयो। र फ्रान्सले मोरक्कोलाई हरायो। तर एम्बाप्पेले भनेजस्तो हकिमीलाई बर्बादचाहिँ पारेनन्। बरू हकिमीले खेलको अधिकांश समय एम्बाम्पेलाई खुलेर खेल्न दिएनन्।

एम्बाप्पे लेफ्ट विङबाट खेल्छन्। हकिमी राइट ब्याक खेल्छन्। त्यसैले बुधबार रातीको सेमिफाइनलमा एम्बाप्पेलाई मार्किङ गर्ने जिम्मेवारी हकिमीलाई थियो। हकिमीले एम्बाप्पेलाई राम्ररी मार्किङ गरे र फ्रान्सका प्रशिक्षक डिडिए देसाँले ६५ औं मिनेटमा स्ट्राइकर ओलिभर जिरूलाई सब्स्टिच्युट गरेर एम्बाप्पेलाई सेन्टर फरवार्डमा खेलाएका थिए। त्यसपछि मात्र एम्बाप्पेले ओस्मान डेम्बेलेको ठाउँमा आएका रान्डल कुलु मानीलाई गोल हान्न पास दिएका थिए।

खेलको पाँचौं मिनेटमा थियो हर्नान्डेजको गोलले अग्रता लिएको फ्रान्सलाई मोरक्कोले निरन्तर दबाबमा राखेको थियो। कुलु मानीले ७९ औं मिनेटमा गोल गरेपछि मात्र फ्रान्सलाई केही राहत भयो। मोरक्कोलाई २-० ले हराउँदै फ्रान्सले लगातार दोस्रो पटक विश्वकपको फाइनलमा स्थान बनायो।

डेढ घन्टाभन्दा बढी समय आमनेसामने भएका एम्बाप्पे र हकिमीको दोस्ती खेल सकिएसँगै फेरि देखियो।

आफूले त्यति मेहनत गरेर खेल्दा समेत मोरक्को हारेपछि निराश भएर हकिमी मैदानमा थचक्क बसिरहेका थिए। त्यतिबेला एम्बाप्पे हकिमीको नजिक आउँछन्। हकिमीका दुबै हात समाएर उठाउँछन्। त्यसपछि उनीहरूले एक-अर्कालै अँगालो हाले। अनि आपसमा जर्सी साटासाट गरे। मैदानबाट बाहिर निस्किएपछि एम्बाप्पेले सामाजिक सञ्जालबाट हकिमीलाई सान्त्वना दिए।

हकिमीसँग अँगालो हालेको तस्बिर राख्दै एम्बाप्पेले लेखेका छन्- दुःखी नहोऊ साथी, तिमीले गरेको कुरामा सबै जनालाई गर्व छ, तिमीले इतिहास रच्यौ। शनिबार साँझको खेलमा पोर्चुगललाई हराएर सेमिफाइनलमा पुगेका हकिमीले केही घन्टापछि इंग्ल्यान्डलाई हराएर फ्रान्स पनि सेमिफाइनलमा पुग्नेबित्तिकै ट्विट गरेका थिए। उनले एम्बाप्पेलाई मेन्सन गर्दै लेखेका थिए- चाँडै भेट हुनेछ दोस्त!

उनीहरूबीचको मित्रता यति गहिरो छ कि विश्वकपका बेला फरक-फरक होटलमा बसे पनि उनीहरू भेटिरहन्थे। पिएसजीमा भइरहेको गुटबन्दी र उनीहरूको एउटै उमेरले हकिमी र एम्बाप्पेलाई घनिष्ठ बनाउन भूमिका खेलेका छन्।

पिएसजीमा गुटबन्दी छ। एम्बाप्पेको गुट छ, अर्को नेइमारको गुटमा छ। मेसी आएपछि बार्सिलोनामा छँदाका आफ्ना साथी नेइमारकै गुटमा मेसी गएको मानिन्छ। क्लबमा स्पेनिस भाषा बोल्नेहरूबीच घनिष्ठ सम्बन्ध हुनु स्वभाविक हो।

यिनीहरूको गुट हुनुको अर्को कारण उनीहरूको उमेर हो। हकिमी र एम्बाप्पे उस्ताउस्तै उमेरका हुन्। एम्बाप्पेभन्दा हकिमी डेढ महिना मात्र जेठा हुन्। त्यही भएर पनि उनीहरूबीच धेरै कुरा मिल्छ।

गत सिजनको अन्त्यमा एम्बाप्पे रियल म्याड्रिड जाने लगभग निश्चित जस्तो मानिन्थ्यो। फ्रान्सका राष्ट्रपति इम्यानुअल म्याक्रों स्वयंले उनलाई म्याड्रिड नजान अनुरोध गरे। त्यसपछि कतारी मालिकहरूले पैसा बढाएर र 'टिममा कसलाई राख्ने / नराख्ने सहितका विशेष अधिकार दिएर' एम्बाप्पेलाई पिएसजीमै रहन फकाएको मानिन्छ।

यसमा पनि पहिला म्याड्रिडबाट खेलिसकेका हकिमीले पनि एम्बाप्पेलाई सम्झाएको चर्चा छ। एम्बाप्पे अधिकारसहित पिएसजीमै बस्ने भएपछि स्पेनिस बोल्ने दक्षिण अमेरिकी गुटका अर्जेन्टिनी खेलाडी एंगल डिमारियारलियान्ड्रोप्याराडेसलाई पिएसजीले बेचेको थियो।

झन्डै एक महिनाअघि विश्वकपको उद्घाटन हुँदा २०१८ को उपविजेता क्रोएसिया र तेस्रो भएको बेल्जियमको समूहमा रहेको मरोक्को दोस्रो चरणमा पुग्ला भनेर कमैले सोचेका थिए। केही गरी दोस्रोमा पुगे पनि अर्को समूहमा रहेको जर्मनी वा स्पेनसँग खेल्नु पर्ने हुन सक्थ्यो। तर सबैको आकलनलाई गलत सावित गर्दै मोरक्कोले सेमिफाइनल पुग्ने पहिलो अफ्रिकी मुलुक बनेर इतिहास रच्यो। सोही सेमिफाइनलपछि देखिएको हकिमी र एम्बाप्पेको दोस्तीले अहिले फुटबल प्रशंसकबीच चर्चा पाइरहेको छ।

# ८.०८ प्रतिशत मूल्य वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु । चालु आर्थिक वर्षको साउनमा ८.६४ प्रतिशतको महँगी खेपिरहेका नेपालीहरूले कात्तिकमा भने ८.०८ प्रतिशत माथिको महँगी खेप्नुपरेको छ । राष्ट्र बैंकले



वार्षिक औसत मूल्यवृद्धि ७ प्रतिशतमा कायम गर्ने लक्ष्य लिएको भएपनि कात्तिकसम्ममा यस्तो औसत मूल्य वृद्धिदर ८.३७ प्रतिशत छ। भारतमा ७.४१ प्रतिशतसम्म बढेको महँगी दर हाल ५.८८ प्रतिशत छ।

भारतमा हुने मूल्य वृद्धिको प्रभाव नेपालमा समेत पर्ने गर्छ। अहिले मुलुकमा हुने आयातको ६२.०१ प्रतिशत हिस्सा भारतबाट हुने आयातले ओगट्छ। खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत रेष्टुरेण्ट तथा होटल उप-समूहमा १५.९७ प्रतिशत, सुर्तीजन्य पदार्थमा ११.८१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डामा ९.३३ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थमा ९.१९ प्रतिशत र मदिराजन्य पेय पदार्थमा ८.८४ प्रतिशतले महँगी बढेको छ।

गैर खाद्य तथा सेवा समूह अन्तर्गत यातायातमा १७.७१ प्रतिशत, स्वास्थ्यमा ११.२२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिमा ८.७६ प्रतिशत, घरायसी उपयोगका वस्तुहरूमा ८.४९ प्रतिशत र फर्निसिङ्ग तथा घरायसी उपकरणहरुको ८.३३ प्रतिशतले महँगी बढेको छ।

सबैभन्दा धेरै तराईका बासिन्दाले महँगीको मार खेपिरहेका छन्। काठमाडौं उपत्यकामा ७.५६ प्रतिशत, तराईमा ८.५२ प्रतिशत, पहाडमा ८.०३ प्रतिशत र हिमालमा ६.६८ प्रतिशत महँगी छ। २०७८ कात्तिक महिनामा यी क्षेत्रहरुमा क्रमशः ६.१४ प्रतिशत, ५.४२ प्रतिशत, ७.१४ प्रतिशत र ५ प्रतिशत महँगी थियो।

# टिसिएलले नेपालमा भित्र्यायो 'गुगल टिभी'

**टुडे समाचारदाता**

काठमाण्डु । एन्ड्रोइड टिभी ब्रान्ड टिसिएलले नेपालमा गुगल टिभी भित्र्याएको छ।

कम्पनीले प्रयोगकर्तालाई सहज र सरल तरिकाले टिभी चलाउन मद्दत गर्ने अत्याधुनिक युजर इन्टरफेस र ओएस भित्र्याएको हो। यसमा प्रयोगकर्ताले आफ्नो मनपर्ने सामग्री सहज तरिकाले एपहरूमा नगई होम स्क्रिनबाटै सेलेक्ट गरेर हेर्न सक्ने कम्पनीले बताएको छ।

गुगल टिभीको प्रारम्भिक सेटअपपछि प्रयोगकर्ताले गुगल टिभीको होम स्क्रिन देख्न सक्ने कम्पनीको भनाइ छ। होम स्क्रिनमा विभिन्न एप, चलचित्र र टिभी कार्यक्रमहरूका स्लाइडहरू प्राथमिकताका आधारमा देखाइने कम्पनीले जनाएको छ । यसमा गुगल प्ले स्टोरका साथै प्यारेन्टल कन्ट्रोल, स्मुथनेस र इन्हेन्सड युजर इन्टरफेस र ओएस रहेकाले टिसिएल गुगल टिभी परम्परागत स्मार्ट टिभीभन्दा एक कदम अगाडि रहेको कम्पनीको दाबी छ। यो बाहेक गुगल टिभीले टेलिभिजन अनुभव सुधार्नका लागि क्रोमकास्ट र ब्युल्ट इन गुगल एसिस्टेन्टमा पहुँच प्रदान गरेको जनाएको छ । कम्पनीका अनुसार गुगल टिभीले नयाँ संस्करणलाई पनि अटोमेटिकल्ली अपडेट गर्नेछ। टिसिएलले हाल ४३ इन्चदेखि ७५ इन्चसम्मका तीन मोडेल तथा विशेषता रहेको गुगल टिभी ल्याएको जनाएको छ।

टिसिएल ब्रान्डको नेपालका लागि आधिकारिक विक्रेता चौधरी ग्रुपको सिजी इलेक्ट्रोनिक्सअन्तर्गत सिजी इओएल रहेको छ। त्यसैले यो टिभी सिजी डिजिटल सोरुमहरूमा उपलब्ध रहेको कम्पनीले जनाएको छ।

सिजी डिजिटल शोरुमहरू काठमाडौंभित्र टंगाल, कुमारीपाटी, बसुन्धरा, जोरपाटी, भक्तपुर राधे राधे, रविभवन, कीर्तिपुर, हात्तिगौडा, त्रिपुरेश्वर, नयाँबजार र काठमाडौं बाहिर इटहरी, हेटौंडा, भरतपुरमा रहेका छन्।

# रेमिटेन्स २० प्रतिशतले बढ्यो

**टुडे समाचारदाता**



काठमाण्डु । लामो समय वृद्धि लगभग स्थिर देखिएको रेमिटेन्समा उच्च सुधार देखिएको छ। राष्ट्र बैंकले प्रकाशित गरेको चालु आर्थिक वर्षको चार महिना (कात्तिकसम्म) को तथ्यांक अनुसार गत आर्थिक वर्षको यही अवधिको तुलनामा २०.३९ प्रतिशत धेरै रेमिटेन्स भित्रिएको हो।

गत वर्षको कात्तिकमा तीन खर्ब १४ अर्ब बराबर रेमिटेन्स भित्रिएकोमा यसपटक तीन खर्ब ७८ अर्ब रूपैयाँ बराबरको रेमिटेन्स भित्रिएको हो। वैदेशिक रोजगारीको लागि जानेको संख्या समेत यो चार महिनामा उच्च दरमा बढेको छ। वैदेशिक रोजगारीमा जाने नयाँको संख्या एक सय दुई प्रतिशतले बढेको छ भने भिषा पुनःनविकरण गरेर जानेको संख्या पनि ९२ प्रतिशतले वृद्धि भएको छ।

गत वर्ष ९६ हजार तीन सय ८२ जना पहिलो पटक वैदेशिक भ्रमणमा गएमा थिए भने यसपटक एक लाख ९५ हजार पुगेको छ। त्यस्तै, गत वर्ष भिषा नविकरण गरेर जानेको संख्या ५९ हजार सात सय २३ रहेकोमा यसपटक ८७ हजार चार सय २८ रहेका छन्।

मुलुकमा पर्यटकहरूको आगमनमा समेत वृद्धि भएको छ भने उनीहरूबाट हुने आम्दानीमा पनि वृद्धि भएको छ। गत जनवरीदेखि नोभेम्बरसम्ममा पाँच लाख ४२ हजार पर्यटक नेपाल भ्रमणमा आएका छन्। उनीहरूबाट राज्यले प्राप्त गर्ने आम्दानी एक सय ३७ प्रतिशतले बढेर १७ अर्ब ९५ करोड पुगेको छ।

मुलुकको विदेशी मुद्राको स्रोतको रूपमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमा भने खासै सुधार देखिएको छैन। गत वर्ष ६ अर्ब ८८ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएकोमा यो वर्ष दुई अर्ब २३ करोड मात्रै भित्रिएको छ।

एक अर्ब ८० करोड रूपैयाँ भने लाभांशसहित लगानी फिर्ता भएको छ। खुद प्रत्यक्ष वैदेशिक लगानी मात्रै ४२ करोड रहेको छ। वैदेशिक अनुदान भने एक सय ३२ प्रतिशतले बढेर सात अर्ब २९ करोड पुगेको छ। विदेशी मुद्रा आम्दानीका स्रोतहरूमा सुधार भएसँगै मुलुकको विदेशी मुद्रा सञ्चितिमा पनि सुधार भएको छ। कुल विदेशी विनिमय सञ्चिति गत असोजमा १२ खर्ब १५ अर्ब रहेकोमा कात्तिकमा भने बढेर १२ खर्ब ४६ अर्ब रूपैयाँ रहेको छ।

अमेरिकी मुद्रामा समेत यस्तो सञ्चिति केही बढेको छ। यस्तो सञ्चितिले आठ महिना १२ दिनको वस्तु तथा आयात धान्न सक्ने अवस्था छ। असोजमा यस्तो सञ्चितिले आठ महिना नौ दिनको आयात धान्ने अवस्था थियो।

विदेशी मुद्रा आम्दानीका स्रोतहरूमा भएको वृद्धि, आयातमा भएको कटौतीले मुलुकको आम्दानी र खर्च बीचको सन्तुलन (भुक्तानी सन्तुलन वा शोधानान्तर) बचतमा रहेको छ। शोधानान्तर स्थिति २० अर्ब तीन करोडले बचतमा छ।

आयातमा भने गत वर्षको तुलनामा १८.१ प्रतिशतले कमी आएर पाँच खर्ब ३२ अर्बमा सीमित भएको छ। तर, विदेशी मुद्रा आर्जनको स्रोत निर्यात पनि ३३ प्रतिशतले घटेर ५४ अर्बमा सीमित भएको छ। तर, मुलुकबाट अध्ययन र यात्राको नाममा विदेशी मुद्रा बाहिरीने क्रममा समेत वृद्धि भएको छ।

अध्ययन र भ्रमणको लागि बाहिरीने रकम ६३ प्रतिशतले बढेको छ। यी दुई नाममा ३३ अर्ब रूपैयाँ मुलुकबाट बाहिरीनेछ।

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिद्वारा समय थप

काठमाण्डु । ओरेन्टल कोअपरेटिभ लिमिटेडमा बचत गरेका बतचकर्तालाई प्रमाणसहित निवेदन पेस गर्न १५ दिनको समय थप गरिएको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले जनाएको छ।

सरकारले पहिलोपटक २०७४ साल कात्तिक २० गते समस्याग्रस्त घोषणा गरेको ओरेन्टल कोअपरेटिभ लिमिटेडले देशभर नौ शाखा खोली रु १० अर्ब भन्दामाथि बचत सङ्कलन गरेर भागेको समितिको कार्यालयले जनाएको छ।

यसअघि माग दाबी गर्नेमा सहकारीका बचतकर्ताको साँवा, ब्याज, शेयर र अपार्टमेन्टकोसमेत गरी रु १० अर्ब भन्दामाथि पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको समितिले जनाएको हो। विसं २०७४ मा सहकारी मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई समस्याग्रस्त घोषणा गरिएको थियो।

सरकारले समस्याग्रस्त घोषणा गरेपछि एउटा पत्रमात्र पठाएर अरु कागजात नदिँदा बचतकर्ताको पैसा फिर्ताका लागि प्रमाण जुटाउन समस्या भएको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले बताउनुभयो। ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेपछि सात हजार छ सय ४६ जनाले पैसा डुबेको भन्दै माग दाबी गरेको पनि उहाँले सुनाउनुभयो। ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेको केही समयमै सर्वोच्च अदालतमा मुद्दा परेको थियो। सर्वोच्चले २०७६ फागुन ११ गते सहकारीलाई नै बचत फिर्ताको समस्या समाधान गर्न आदेश दिएको थियो। सहकारी सञ्चालक समितिले समस्या समाधान नगरेपछि सरकारले दोस्रोपटक ओरेन्टललाई समस्याग्रस्त घोषणा गरेको हो।रासस


**मधेश प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**जनकपुरधाम, धनुषा, नेपाल**

**अवधारणा पत्र पेश गर्ने सम्बन्धमा म्याद थप गरिएको बारे सूचना**

पुनः प्रकाशित मितिः २०७९/०९/०१

मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संचालन भई रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Programme – PLGSP) अन्तर्गत चालु आ.व. २०७९/०८० मा नव-प्रवर्तन साझेदारी सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक मधेश प्रदेश भित्रका स्थानीय तहहरुले अवधारणापत्र पेश गर्ने सम्बन्धमा मिति २०७९/०८/१५ मा १५ दिने सूचना प्रकाशन गरिएकोमा अधिकांश स्थानीय तहहरुबाट नव-प्रवर्तन साझेदारी कोष सम्बन्धी अभिमुखीकरण कार्यक्रममा म्यादथपको लागि माँग भए अनुसार अवधारणापत्र आव्हानको प्रथम पटक प्रकाशित सूचनाको म्याद समाप्त भएको मितिले पूनः७ दिन म्याद थप गरिएको हुँदा आवश्यक कागजात संलग्न राखी नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा मिति २०७९/०९/०७ गते, विहीबार भित्र तपसिल बमोजिमको ठेगानामा रितपूर्वकको अवधारणापत्र खामबन्दी रुपमा पेश गर्नुका साथै नवप्रवर्तन साझेदारी कोष प्रणाली www.ipf.plgsp.gov.np मा समेत पेश गर्नु हुन यो म्यादथप सम्बन्धी सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेबसाइट www.ocmcm.madhesh.gov.np बाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ प्राप्त गर्न सकिनेछ।

**अवधारणापत्र पेश गर्ने ठेगानाः**

मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPIU)

जनकपुरधाम, धनुषा, नेपाल

ईमेलः ppiu.p2@plgsp.gov.np , फोनः०४१-५९१७३३

अनलाइन अवधारणापत्र पेश गर्ने ठेगानाः नवप्रवर्तन साझेदारी कोष प्रणाली https://ipf.plgsp.gov.np/



**जनकपुरधाम उप-महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

**करारमा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति २०७९/८/२९ गते

यस जनकपुरधाम उप-महानगरपालिकालाई सशर्त अनुदान मार्फत व्यवस्था भए अनुसार तपसिलमा उल्लेखित पदहरुको करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न हुने आह्वान गरिएको छ।

| सि. नं. | विज्ञापन नम्बर | पदको नाम | तह | पद संख्या | परिक्षाको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १३/०७९-८० | कृषि अधिकृत | छैठो | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (B.Sc. Ag.) वा सो सरह उत्तिर्ण गरेको। |
| २ | १४/०७९-८० | पशु चिकित्सक | छैठो | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञानमा स्नातक तह (B.V. Sc. & AH) वा सो सरह उत्तिर्ण गरेको। |
| ३. | १५/०७९-८० | रोजगार संयोजक | छैठो | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी ज्ञान र सीप भएको। |
| ४. | १६/०७९-८० | कार्यक्रम संयोजक | छैठो | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव (कम्तीमा २ वर्ष अधिकृत वा सो सरह) र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ५. | १७/०७९-८० | सामाजिक परिचालक अधिकृत | छैठो | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालकको क्षेत्रमा कार्य गरेको अनुभव तथा सामाजिक परिचालन सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिईनेछ। |
| ६. | १८/०७९-८० | सूचना प्रविधि अधिकृत | छैठो | १ | लिखित र अन्तर्वाता | कम्प्युटर साइन्समा स्नातक वा कम्प्युटर इन्जिनियरीङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर साईन्स लिई ३ वर्ष स्नातक वा विज्ञानमा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिशि डिजाइन र सफ्टवेयर डेभलेपमेन्टमा कम्तीमा ९ महिनाको डिप्लोमा प्राप्त। |
| ७. | १९/०७९-८० | रोजगार सहायक | पाँचौ | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी ज्ञान र सीप भएको। |
| ८. | २०/०७९-८० | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता | पाँचौ | २ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमाा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको, स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकोलाई प्राथमिकता दिईनेछ। |
| ९. | २१/०७९-८० | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिएको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| १०. | २२/०७९-८० | वित्तीय साक्षरता सहजकर्ता | पाँचौ | १ | लिखित र अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरी प्रौढ शिक्षा, वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ११. | २३/०७९-८० | रिटर्नी स्वयंसेवक (आंशिक) | | ३ | अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १० वा सो सरह उत्तिर्ण गरी वैदेशिक रोजगारमा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

विस्तृत जानकारी तथा सेवाशर्तको लागि जनकपुरधाम उप-महानगरपालिकाको सूचनापाटी तथा website: janakpurmun.gov.np मा हेर्नुहोला र दरखास्त फाराम website बाट डाउनलोड गर्नुहुन जानकारी गराईन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रदर्शन गर्दा नेहा र निहारिका पक्राउ



**टुडे समाचारदाता**

महोत्तरी । न्यायका लागि प्रदर्शन गर्दा महोत्तरी रामगोपालपुर ५ कि नेहा चौधरी र निहारिका सिंह राजपुत पक्राउ परेकी छन् ।

बिहीवार रामगोपालपुर नगरपालिकामा प्रदर्शन गर्दा उनीहरु पक्राउ परेकी छन् ।

नेहाले आफूमाथि घरेलु हिंसा गरेका सासु-ससुरासहितको व्यक्तिलाई पक्राउ गर्नुपर्ने माग राख्दै प्रदर्शन गरेकी थिइन् ।

उनीहरुले नगरपालिकामा तोडफोड, आगजनी र मानिस घाइते बनाएको आरोपमा पक्राउ गरेको महोत्तरीका प्रहरी उपरीक्षक कृष्ण पंगेनीले जानकारी दिए । सोही विषयमा सुरक्षा समितिको बैठकले उचित निर्णय लिने उनले बताए ।

'प्रहरी कानूनलाई टेकेर काम गरिरहेको छ । तर उहाँहरु अनावश्यक रुपमा तोडफोड गर्ने, आगजनी गर्ने, मान्छे घाइते बनाउने जस्ता गतिविधि गरिरहेका थिए,' उनले भने, 'त्यही भएर उहाँहरुलाई नियन्त्रणमा लिइएको छ । सुरक्षा समितिको छलफलपछि निर्णय लिइने छ ।' पक्राउ परेका नेहा र निहारिका रिहा हुने/नहुने विषयमा उनले खुलाएनन् । प्रदर्शनकारीहरुले नगरपालिकाको न्यायिक समिति अग्रसर हुनुपर्ने भन्दै विवाद सुरु भएको थियो । सोही विवादपछि उनीहरुले नगरपालिकामा ढुङ्गामुढा गरेका थिए ।

प्रदर्शनकारीले फालेको ढुङ्गाले नगरपालिकाको झ्यालको सिसाहरु फुटेको छ । प्रदर्शन हुँदा प्रहरीले स्थिति नियन्त्रणमा लिन बल प्रयोग गरेका थिए । अवस्था उग्र बनेपछि प्रहरीले पाँच राउण्ड अश्रु ग्यास पनि प्रहार गरेका थिए । प्रदर्शनमा परी चार जना प्रहरी जवान पनि घाइते भएका छन् । दुई जना नेपाल प्रहरी, एक जना सशस्त्र प्रहरी र एक जना नगर प्रहरी घाइते भएका थिए । यद्यपि उनीहरुलाई सामान्य उपचारपछि डिस्चार्ज गरिएको छ ।

जिल्ला अदालत महोत्तरीले घरेलु हिंसा मुद्दामा नेहालाई ससुरा संरक्षात्मक (घर बस्न) आदेश दिएको थियो । तर उनका ससुरा पक्षले घरमा ताला लगाइ नेहालाई घर प्रवेशमा रोक लगाएका थिए । नेहा उक्त दिन केही समय घर अगाडि धर्नामा बसेकी थिइन् । सोही दिन नेहाको श्रीमान डा. पंकज चौधरीलाई प्रहरीले पक्राउ गरेका थिए । नेहा र पंकज घटना सात वटा मुद्दा दर्ता भएका छन् । नेहाले पंकजमाथि पाँच वटा मुद्दा दिएका छन् भने पंकजले दुई मुद्दा दर्ता गराएका छन् । नेहा पंकजसँग मिलापत्र गरी बस्न सकारात्मक देखिए पनि पंकज उक्त कुरा अस्वीकार गर्दै आएका छन् ।

# जुलीका प्रियपात्र भण्डारीले कुटे कर्मचारी



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका नेतृ तथा धनुषा निर्वाचन क्षेत्र नम्वर ३ वाट प्रतिनिधिसभामा निर्वाचित जुली कुमारी महतोका प्रियपात्र मानिने सुरेन्द्र भण्डारीले गुठी संस्थानका कर्मचारीलाई कुटपिट गरेका छन् ।

नेकपा एमाले जनकपुरधाम उप-महानगरका नगर अध्यक्ष भण्डारीले गुठी संस्थान जनकपुरधामका अमिन प्रभात चन्द्र पोखरेलमाथि कार्यकक्षमै हातपात गरेका छन् । बिहीवार दिउँसो करिब साढे १२ बजेको समयमा नगर कमिटी अध्यक्ष भण्डारीले पोखरेलमाथि हातपात गरेका छन ।

गुठी संस्थानले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा पोखरीहरु लिजमा लगाउने सम्बन्धी गरेको टेण्डर आह्वान भर्नका लागि बिहीवार १२ बजेको समय दिएको थियो । टेण्डर दर्ता नगर्न दबाब दिँदै भण्डारीले अमिन पोखरेललाई कुटपिट गरेको पीडितले जनाएका छन् ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-३ का सञ्जयकुमार मण्डलले टेण्डरका लागि बिहीवार दिउँसो १२ बजेभित्रै आफ्नो टेबलमा फाइल राखेकोले आफूले त्यसलाई दर्ता गर्न लाग्दा एक्कासी आएर भण्डारीले आफूमाथि हातपात गरेको उनले बताए ।

भण्डारीले आफूलाई सो टेण्डर दर्ता नगर्न दबाब दिएको र आफूले नमान्दा कार्यालय परिसरबाहिर घिसारेर लग्दै आफूमाथि हातपात गरेको अमिन पोखरेलले बताए ।

टेण्डर दर्ता गराउन आएका मण्डलले आफू समयमै गुठी संस्थानमा आएर कर्मचारीको जिम्मामा फाइल छोडिसकेको दाबी गरे । उनले अमिन पोखरेलले दर्ता गरिसकेको अवस्थामा विवाद गर्दै नेता भण्डारीले उनीमाथि हातपात गरेको बताए। नेता भण्डारीले भने आफूले कर्मचारीमाथि हातपात नगरेको दाबी गरेका छन् । उनले अमिन भण्डारीले दिउँसो १२ बजेपछि पनि टेण्डर दर्ता गरेको आरोप लगाए । आफूले उनलाई समयअवधिभित्रै टेण्डर दर्ता गर्न आग्रह गरेको बताए ।

जनकपुरधाम उपमहानगरपालिका-८ स्थित सिट नम्बर १३५५-७५ को कित्ता नम्बर-५८ मा रहेको ७ कठ्ठा जग्गाका लागि न्यूनतम मूल्य प्रतिकठ्ठा १० हजार रुपैयाँको दरले गुठी संस्थान प्रधान कार्यालयले कार्तिक २९ गते बोलपत्र आह्वान गरेको थियो । गुठी संस्थान शाखा कार्यालय जनकपुरको गुठी तैनाथी जग्गा लिजमा दिने सम्बन्धी सूचना प्रकाशित भएको ३१ दिनभित्र दिउँसो १२ बजे भित्र वार्षिक भाडादर उल्लेख गरी कुन प्रयोजनको लागि लिजमा लिन खोजिएको हो सो समेत प्रष्ट हुने गरी कार्यालयमा बोलपत्र सही छाप सिलवन्दी गरी दाखिला गराई सक्नुपर्ने सूचनामा उल्लेख थियो ।

तर, भण्डारीले टेण्डर भरेकाहरुलाई आफ्नो प्रभावमा पारी सो जग्गा लिन चाहेको मनस्थिति बनाइ सकेका थिए । मण्डलले टेण्डर दर्ता नभए आफूलाईनै पर्नेमा भण्डारी निश्चिन्त थिए। भण्डारीले कर्मचारी पोखरेललाई कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा भाइरहेको छ।

# पेस्तोलसहित एक पक्राउ



**टुडे समाचारदाता**

लहान । सिरहामा पेस्तोलसहित एक जना युवा पक्राउ परेको छ । बिहीवार कटुवा पेस्तोलसहित विष्णुपुर गाउँपालिका ३ राजपुरका विन्दे भन्ने सावन कुमार दास पक्राउ परेको छ ।

प्रहरी नायव निरीक्षक गोविन्दकुमार खत्रीको कमाण्डमा खटेको गस्ती टोलीलाई शंका लाग्दा चेकजाँच गरेका थिए ।

चेकजाँच गर्दा उनको शरीरबाट एक थान पेस्तोल र एक राउण्ड गोली बरामद गरेका थिए ।

अहिले विन्दे सिरहा प्रहरीको हिरासतमा छन् । उनीमाथि जिल्ला अदालत सिरहाबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीमाथि हातहतियार तथा खरखजाना मुद्दा चलाउने तयारी छ।

# बक्यौता तिर्न नगरपालिकालाई सकस




**टुडे समाचारदाता**

कलैया । निजगढ नगरपालिकाले गत आर्थिक वर्षको बक्यौता रकम भुक्तानी गर्न नसक्दा चालु आर्थिक वर्षमा नयाँ विकास निर्माणको काम ठप्प प्रायः भएको छ।

उपभोक्ता समितिमार्फत गत वर्ष सम्पन्न भएका योजनाहरुको २० करोड बक्यौता रकम नगरपालिकाले उपभोक्ता समितिहरुलाई भुक्तानी गर्न बाँकी रहेको छ।

आन्तरिक राजस्व ठप्प भएको र संघीय सरकारले पठाएको चौमासिक रकमले पुरानो बक्यौता तिर्न धौ धौ भएपछि नयाँ योजनाहरु कार्यान्वयनमा समस्या भएको निजगढ नगरपालिकाका नगरप्रमुख सुरथ पुरीले बताएका छन्।

'संघीय सरकारबाट चौमासिक किस्तामा आएको रकमले एकमुस्ट रुपमा पुरानो बक्यौता तिर्न सकिएको छैन, विकास निर्माणको लागि नयाँ योजनाहरु शुरु गर्न पनि सकिएको छैन, साह्रै नै अप्ठारो भएको छ,' नगर प्रमुख पुरीले भने।

नगरपालिकाले उपभोक्ता समितिलाई तिर्न बाँकी २० करोड मध्ये हालसम्म ५ करोड भुक्तानी गरिसकेको छ । आन्तरिक आम्दानीको मुख्य स्रोतको रुपमा रहेको नदीजन्य पदार्थको ठेक्का बन्द हुनु र जग्गाको कित्ताकाट समेत नखुल्दा रजिष्ट्रेशन शुल्कबाट आउने आन्तरिक राजस्व बन्द भएको नगरपालिकाले जनाएको छ ।

निजगढ नगरपालिकाले वर्षेनी १३ देखि १६ करोडमा बकैया, धनसार खोला ठेक्का लगाउँदै आएको छ। चुरे उत्खननको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट दायर भएपछि निजगढ नगरपालिकाले चालु आर्थिक वर्षको ६ महिना बितिसक्दा पनि खोलोको ठेक्का लगाउन सकेको छैन् ।

'अहिले हामीले कुनैपनि नयाँ योजनाहरु सम्झौता गरेर काम गरेका छैनौ, आन्तरिक आम्दानी पनि नहुने, पुरानो बक्यौता पनि नतिरी नहुने यो अवस्थामा श्रोत बिना काम गर्दा अर्को वर्ष बक्यौता रहने र यो सिलसिला बारम्बार रहँदा काम गर्ने उपभोक्तालाई पनि समस्या पर्ने देखियो' पुरीले भने, 'हामी सकेसम्म आम्दानीको श्रोत नखुलेसम्म नयाँ कार्यक्रम सम्झौता नगर्ने मनस्थितिमा छौ' ।

नगरपालिकाले गत वर्ष १ अर्ब १० करोडको बजेट सिलिङ तयार गरेको थियो । खातामा रकम नै नभएको र आन्तरिक स्रोतको पहिचान बिना नै जथाभावी रुपमा चुनाव केन्द्रित कार्यक्रम बनाएर बाँड्दा समस्या भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले जानकारी दिए।

'बिना श्रोत चुनावलाई लक्षित गरेर नगरपालिकाले जथाभावी कार्यक्रम बाँड्ने र घाटा बजेट तयार गर्दा अहिले समस्या देखिएको हो' प्रशासकीय प्रमुख धितालले भने, 'उहाँहरुले यो यो स्रोतबाट यति रकम आउँछ भन्ने हिसाब केही देखिएन' नगरपालिकाले पुरानो तिनुपर्ने २० करोड रकम मध्ये एउटै संस्थालाई अधिकतम ७० लाख सम्म भुक्तानी गर्न बाँकी रहेको नगरपालिकाले जनाएको छ।

निजगढ नगरपालिकाले गत आर्थिक वर्षमा घाटा बजेट तयार गर्दा समस्या भएको भन्दै यसपटक चालु आवको लागि गत वर्षको तुलनामा १५ करोड बजेट घटाएर ९५ करोडको बजेट सार्वजनिक गरेको छ।

# टिपर धनीको साक्षी बुझ्ने आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका ५ श्रीपुरका ओम प्रकाश महतो (दिलीप) हत्या मुद्दामा साक्षी बुझ्ने आदेश जिल्ला अदालत धनुषाले दिएको छ।

अदालतमा दुई दिन भएको बसहले विहीबार टिपर धनी कृष्ण कुमार महतोको साक्षी बुझ्ने आदेश दिइएको छ।

दिलीपलाई ०७६ पुस २५ गते चुरियामाई बालुवा प्रशोधन क्रसर उद्योगका ना ७ ख ६४१३ नम्बर प्लेटको टिपरले किचेर हत्या गरेको आरोप छ । अदालतका न्यायाधीश भिष्मराज गौतमले साक्षी बुझ्ने आदेश दिएका छन् । मुद्दामा बुधबार बहस नसकिएपछि मुद्दा हेर्दा-हेर्देमा राखिएको थियो। अब सवारी धनीको नाममा म्याद जाने जाहेरीवालाको वकिल वरिष्ठ अधिवक्ता सुरेश लाल श्रेष्ठले जानकारी दिए। उनका अनुसार म्यादपत्र गएपछि उक्त व्यक्ति अदालतमा हाजिर हुनेछन् । अदालतले उनको बकपत्र लिनेछन् । बकपत्र अदालतले लिएपछि पुनः पेशी तोकिने छ। सो अन्तिम पेशी हुनसक्ने वकिलहरुको अनुमान छ । सोही पेशीमा फैसला हुने सम्भावना रहेको अधिवक्ता श्रेष्ठले बताए।

बहसमा जोहरीवालाको तर्फबाट सात जना वकिलले बहस गरेका थिए । सुरेश लाल श्रेष्ठ, राजु फुयाल र शुभम् आचार्य, पदम बहादुर श्रेष्ठ, आरजु कार्की, सडकोण श्रेष्ठ र सरकारी वकिलको तर्फबाट मोहन प्रसाद दाहालले बहस गरेका थिए । प्रतिवादीको तर्फबाट आरोपित मुनिन्द्र महतोको वकिलले बहस गरेका थिए।

हत्या आरोपमा धनुषा प्रहरीले क्रसर सञ्चालक विपिन महतोसहित सात जनालाई पक्राउ गरेको थियो । पक्राउ परेको मध्ये धरौटी रकम बुझाएर चार जना तारेखमा रिहा भइसकेका छन् । रोशन कुमार यादव, विनोद महतो, सत्यनारायण महतो र शत्रुधन महतो रिहा भइ थुना बाहिर छन् भने मुनिन्द्र महतो, विपिन महतो र जितेन्द्र महतो पुर्वपक्षका लागि थुनामा छन् । जाहेरीवालाको वकिलले आरोपितहरुमाथि जन्मकैद हुनुपर्ने र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने दाबी गरेका छन् ।

# रक्सौल-वीरगञ्ज नाका सिल



**टुडे समाचारदाता**

वीरगञ्ज । भारतको बिहारमा हुन गइरहेको नगरपरिषद्( स्थानीय तह) को निर्वाचनका लागि रक्सौल-वीरगञ्ज नाका सिल गरिएको छ।

बिहारकोरक्सौलनगरपालिकामा पुस ३ गते (डिसेम्बर १८ तारिक) हुने नगरपरिषद्को निर्वाचनका लागि भारतीय प्रशासनले बिहीवार दिउँसोदेखि रक्सौल-वीरगन्ज नाका सिल गरेको छ।

पुस ३ मा हुने नगरपरिषद्को निर्वाचनका लागि भारतीय प्रशासनले बिहीवार दिउँसो १ बजे देखि पुस ३ गते राति १२ बजेसम्म ७२ घण्टाका लागि नाका सिल गरेको छ । निर्वाचनका लागि रक्सौल-वीरगञ्ज नाका ७२ घण्टाका लागि सिल गरिएको रक्सौलका जिल्ला अधिकारी (डिएम) शीर्षत् कपिल अशोकले बताए।

पूर्व सूचना बिना भारतीय प्रशासनले मितेरी पुलमा फलामे ढाट नै खसाएर नाका सिल गर्दा रक्सौल-वीरगञ्ज आउजाउ गर्ने नेपाल र भारत दुबै देशका नागरिकलाई सास्ती भएको छ।

यता पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी महेश तिमल्सिनाले पनि नाका सिल बारे भारतीय प्रशासनले आफूहरूसंग कुनै पूर्व छलफल र समन्वय नगरेको बताए।

उनले बिहीवार दिउँसो एक्कासी भारतीय प्रशासनको तर्फबाट ७२ घण्टाका लागि नाका सिल गरिएको बारे सूचनासहितको पत्र आएपछि मात्र आफूहरुले पनि नाका सिल बारे जानकारी पाएको बताएका छन् ।

नाका सिल बारे भारतीय पक्षबाट पत्र आएपछि बिहीवार साँझ जिल्ला सुरक्षा समितिको बैठक बसेर भारतीय चुनावलाई मध्यनजर गरी ७२ घण्टाका लागि वीरगञ्ज नाकामा सुरक्षा व्यवस्था अझ कडा बनाउने निर्णय गरिएको जानकारी उनले गराए।

बिहारसंग जोडिएका रक्सौल- वीरगञ्ज नाका मात्रै भारतीय प्रशासनले सिल गरेको तथा जिल्लाका अन्य नाकाहरु भने सुचारु नै रहेको जानकारी दिए।

# एलोपेथिक औषधि पसलमा आयुर्वेदिक औषधि बिक्री

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा ऐलोपेथिक औषधि पसलमा छ्याप-छ्याप्ती आर्युवेदिक औषधि बिक्री भइरहेको छ। कानूनी व्यवस्था अनुसार त्यस्ता औषधि अनुमति प्राप्त आयुर्वेदिक औषधालयले मात्र बिक्री गर्न पाउने व्यवस्था छ।

तर यसको नियमन हुन नसक्दा एलोपैथिक औषधि पसलले समेत खुलेआम आयुर्वेदिक औषधि बिक्री




गर्दै आइरहेको छ । जसकारण औषधि व्यवस्था विभाग तथा सम्बन्धित निकायमा विधिवत दर्ता गरी संचालनमा रहेका आयुर्वेदिक औषधि पसल संचालक मारमा परेका छन।

सप्तरीको राजविराजमा मात्रै एलोपैथिक औषधि पसलको संख्या २ दर्जन भन्दा बढी छ । त्यस मध्ये अधिकांशले आयुर्वेदिक औषधि बिक्री वितरण गर्ने गरेको पाइन्छ । अर्को तीर राजविराजमा झण्डै ८ वटा आयुर्वेदिक औषधि पसल दर्तामा छन् ।

नियम विपरीत एलोपैथिक औषधि पसलले समेत आयुर्वेदिक औषधि बिक्री वितरण गर्न थालेपछि दर्ताको कुनै औचित्य नरहेको एक आयुर्वेदिक पसलेले गुनासो गरेका छन् ।

यति मात्र होइन। राजविराजको सिरहा रोड र हटियामा २ वटा आयुर्वेदिक औषधि पसल बिना दर्ता नै संचालनमा रहेको छ। यसको पनि नियमन हुन सकेको छैन।

अनुमति नै नलिएका केही औषधि विक्रेताले जथाभावी आयुर्वेदिक औषधि बिक्री वितरण गरेको देख्दा अचम्ममा परेको छु 'नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादवले भने-सम्बन्धित निकायले. अनुगमन गरेर यस्ता कार्य बन्द गर्नुपर्छ।'

अर्का स्थानीय रमेश साहले प्रक्रिया पुऱ्याएर अनुमति पत्र लिएर मात्र कुनै पनि औषधि बिक्री गर्न पाइने कानूनी व्यवस्था रहेको बताए। जथाभावी बिक्री गर्न पाइदैन । यो नियम विपरीत हो, उनले भने- प्रशासनले अनुगमन गरेर नियन्त्रणमा लिनुपर्ने हो । उनले प्रभावकारी अनुगमन हुनुपर्नेमा जोड दिए।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय सप्तरीका प्रमुख डा. शिवशंकर यादवले एलोपैथिक विक्रेताले आयुर्वेदिक औषधि बेच बिखन गर्न नपाउने ब्यवस्था रहे पनि केही विक्रेताले यसको पालना नगरेको बताउँदै यस सम्बन्धमा औषधि ब्यवस्था विभागले नै आवश्यक निगरानी र कारबाही गर्नुपर्ने बताए।

औषधि ब्यवस्था विभागबाट केही दिन अघि मात्र यहाँका औषधि पसलहरुको अनुगमन गरिएको थियो । विभागका प्रमुख फार्मेशी अधिकृत टेकेन्द्र मिश्रको नेतृत्वमा अनुगमन गर्दा नगर क्षेत्रका अधिकांश औषधि पसल बन्द गर्दै संचालक सम्पर्कविहीन बनेका थिए।

अधिकृत मिश्रले भने -यहाँका केही औषधि पसलमा समस्या र विकृत्ति छ । उनले अब मापदण्ड विपरीत कार्य गर्ने औषधि पसलमा छड्के अनुगमन गरिने छ।

## मिलको फित्तामा बेरिएर एक महिलाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धान कुट्ने मिलको फित्तामा बेरिएर धनुषामा बिहीबार बिहान एक महिलाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले धनुषाको मिथिला बिहारी नगरपालिका-५, ललियाकी ४५ वर्षीया कालोदेवी साहको मिलको फित्तामा बेरिएर मृत्यु भएको जानकारी दिएका छन् ।

प्रहरी नायब उपरीक्षक क्षेत्रीका अनुसार स्थानीय रामअशिष मण्डलको मिलमा धान कुटाउन गएकी कालोदेवीको मिलको फित्तामा बेरिएर टाउको र शरीरको भाग अलग-अलग भएर घटनास्थलमै मृत्यु भएको छ।

घटनास्थलको मुचुल्का गरी मृतक महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र घटनासम्बन्धमा थप अनुसन्धान भइरहेको प्रवक्ता क्षेत्रीले बताए।

**लिङ्ग छनौट गरी गर्भपतन गुर्न अपराध हो ।**

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं ।
- लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन ।
- परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ ।
- परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ११/०५७/५८